दिल्लीको घातक विस्फोटलाई 'षड्यन्त्र' भन्दै प्रधानमन्त्री मोदीद्वारा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १६४ • २०८२ साल कार्तिक २७ गते बिहीबार (13 November, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'दमन गर्ने प्रहरीलाई कारबाही गर'

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेशमा असंवैधानिक कदम विपरीत मुख्यमन्त्रीलाई नियुक्त गरेको भन्दै शान्तिपूर्ण आन्दोलनमा भएको प्रहरी दमनको विरोध गरेका छन् । उनले आन्दोलनमा रहेका नेता तथा कार्यकर्तामाथि दमन गर्ने प्रहरीमाथि कारबाही गर्न मागसमेत गरेका छन् ।

अध्यक्ष ठाकुरले बुधबार विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीको असंवैधानिक नियुक्तिविरुद्ध जनकपुरधामस्थित मधेश भवन अगाडि भइरहेको आन्दोलनमाथि प्रहरीले बल प्रयोग गरी आन्दोलनकारीलाई घाइते बनाएको बताएका छन् ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विश्वासको मतका लागि समय माग गरिरहँदा सभामुख रामचन्द्र मण्डलले संसदीय अभ्यासको प्रक्रियालाई बेवास्ता गरेपछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै मुख्यमन्त्री सोनलले राजीनामा दिनुपरेको ठाकुरले दाबी गरेका छन् ।

संविधानको धारा १६८ को (२) अन्तर्गत सरकार गठन गर्ने विकल्पहरूको सम्भावना हुँदाहुँदै उपधारा (३) अनुरुप प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सरकार गठन नगरी होटलमा लुकीछिपी सरोजकुमार यादवलाई शपथ गराएकोमा उनको आपत्ति छ ।

### मधेश प्रदेशको मुद्दा विशेष इजलासमा

# सरकारको भविष्यको फैसला हुने संकेत, दुवै पक्षले दाबी पेश गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको भविष्यबारे सर्वोच्च अदालतले आइतबार आदेश गर्ने संकेत देखिएको छ । गत २३ गते मुख्यमन्त्री नियुक्त भएका यादवविरुद्ध मधेश प्रदेशका ७४ जना सभासदले मंगलबार सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भनि कार्तिक ३० गते आइतबारका लागि पेशी तोकेको छ ।

सर्वोच्चले उक्त दिन मुख्यमन्त्री नियुक्तिसम्बन्धी निर्णय, मन्त्रिपरिषद् गठनसम्बन्धी कागजात लगायतका निर्णयहरूसमेत हेर्नेछ ।

यस अघि सोमबार नै मुख्यमन्त्री विरुद्ध दुई छुट्टा-छुट्टै रिट सर्वोच्चमा दर्ता भएको थियो । ती दुबै रिटको मंगलबार भएको सुनवाइमा सर्वोच्चले मुख्यमन्त्री यादवलाई दीर्घकालीन असर पर्ने कुनै काम नगर्न अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि मंसिर १० गते बोलाएको थियो ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोजकुमार यादव, माओवादी केन्द्र संसदीय दलका उपनेता युवराज भट्टराई, लोसपा संसदीय दलका नेता जयलुन राइनसहितका ७४ जना सभासदको तर्फबाट मंगलबार सर्वोच्चमा रिट दर्ता गरिएको थियो ।



नेकपा एमाले बाहेकका ७४ सांसद यादवलाई मुख्यमन्त्री बनाउने निर्णय बदर हुनुपर्ने माग गर्दै सर्वोच्च अदालत पुगेका छन् ।

संविधानको धारा १६८ को उपधारा ३ बमोजिम गठन भएको सरकार असंवैधानिक भएको भन्दै सांसदहरूले रिट दिएका हुन् । यही विवादमा मंगलबार अन्तरिम आदेशसमेत जारी भएको थियो । सर्वोच्चले मुख्यमन्त्री नियुक्त भएका सरोजकुमार यादवलाई दीर्घकालीन निर्णय नगर्न भनेको छ । रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि न्यायाधीश पाण्डेयको इजलासले आगामी आइतबार दुवै पक्षलाई छलफलका लागि झिकाएको हो । संयुक्त इजलासमा रहने तीन मध्ये दुई न्यायाधीशले प्रारम्भिक रुपमा नै सरकार गठन प्रक्रियामा कैफियत रहेको देखेमा अन्तरिम आदेश जारी गर्न सक्नेछन् ।

सर्वोच्चले बुधबार नै मंगलबारको रिट निवेदन र आदेशको मिसिलपनि आगामी आइतबार सुनुवाइका क्रममा पेश गर्न आदेश दिएको छ ।

मधेश प्रदेशको मुख्यमन्त्री नियुक्तिविरुद्धको रिटमा सर्वोच्च अदालतले मंगलवार नै कारण देखाउ आदेश जारी गरेको छ ।

मधेश प्रदेशको सरकार र सांसद सम्बन्धी मुद्दा पहिलो पटक सर्वोच्च अदालतमा पुगेको छ । लोसपाका नेता समेत रहेका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले गत २२ गते विश्वासको मत पाउने सम्भावना नदेखेपछि प्रदेशसभाको बैठकमा राजीनामा घोषणा गरेका थिए । प्रदेश सभामा सोनलले राजीनामा घोषणा गरेसँगै मत विभाजन लगायतको प्रक्रिया रोकिएको थियो । उनले त्यही दिन प्रदेश प्रमुखलाई राजीनामा बुझाएका थिए । उनको राजीनामा शनिबार नै स्वीकृत गरिएको थियो ।

विपक्षी दलहरुले बहुमतको परीक्षण हुनु अगावै मुख्यमन्त्री सोनलले राजीनामा दिएकाले सरकार गठनको प्रक्रिया संविधानको धारा १६८ (२) बमोजिम नै अगाडि बढ्नुपर्ने तर्क दिँदै विरोधमा उत्रेका छन् ।

मधेश प्रदेशमा १ सय ७ जना सांसद छन् । सरकार बनाउन ५४ सांसद बहुमत संख्या हो । एमालेका सभामुखसहित २५ जना सांसद छन् । त्यस मध्ये एकजना दीपेन्द्र ठाकुर निलम्बनमा परेका छन् । मधेश प्रदेशमा एमाले नै सबैभन्दा ठूलो दल रहेकाले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३)बमोजिम दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरी बर्दिवासमा शपथग्रहण गराएकी थिइन् ।

प्रदेशमा नेपाली कांग्रेसको २२ जना सांसद छन् । कांग्रेस दोस्रो ठूलो दल हो । तेस्रो ठूलो दलको हैसियतमा रहेको जसपा नेपालको १९ सांसद छन् । त्यस मध्ये १ जना निलम्बनमा परेका छन् । जनमत पार्टीको १३ जना सांसद छन् । त्यस मध्ये २ जनाले पार्टी छाडिसकेका छन् । माओवादीको ९ जना र नेकपा एसका ७ जना सांसदको एउटै संसदीय दल हुने भएकाले संख्या १६ हुनेछ । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) वरियतामा चौथो स्थानमा उक्लिने छ । जनमत पाँचौ स्थानमा झर्ने छ । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको ९ जना सांसद छन् । ती मध्ये १ जना निलम्बनमा परेका छन् । संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी( राप्रपा ) र नागरिक उन्मुक्ति पार्टीका १-१ जना सांसद छन् ।

# सभामुख उपर महाअभियोगका लागि हस्ताक्षर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख आचरण विपरीत कार्य गरेको कारण बर्खास्त भए लगत्तै प्रदेश सभाका सभामुख रामचन्द्र मण्डललाई हटाउन महाअभियोगको तयारी थालिएको छ ।

नेकपा एमालेबाट सभामुख भएका मण्डलले मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले विश्वासको मत लिन खोज्दा पदीय आचरण विपरीत कार्य गरेको आरोप विपक्षी दलले लगाएका छन् ।

सोनलले विश्वासको मत लिन डाकिएको प्रदेश सभा बैठकमा उनलाई समेत सम्बोधन गर्न दिएको थिएन । सोनल सदन बाहिर नै रहेको बेला माओवादीका असन्तुष्ट सांसदहरुलाई बोल्न लगाएर मत विभाजनको प्रक्रियालाई अगाडि बढाएपछि गठबन्धनका सांसदहरु आक्रोशित भएका छन् ।



सभामुख मण्डलले पदीय मर्यादा विपरीत एमालेको कार्यकर्ताको भूमिकामा देखिएको आरोप विपक्षीहरुले लगाएका छन् ।

नेपाली कांग्रेसका एकजना सांसदले जनाए अनुसार सभामुख मण्डल उपर महाअभियोग लगाउन आवश्यकभन्दा बढी सांसदको हस्ताक्षर संकलन भइसकेकोछ । सभामुखलाई हटाउन ७४ जना सांसदको भन्दा बढी हस्ताक्षर संकलन भएको दाबी विपक्षी दलहरुले गरेका छन् ।

सभामुख मण्डलको भूमिका उपर बारम्बार प्रश्न उठाइएको छ । लोसपाका सांसद उपेन्द्र महतोले मण्डलको भूमिकाको विरोध गर्दै गालीगलौज समेत गरेका थिए । त्यस अघि पनि नेपाली कांग्रेसका सांसद शेषनारायण यादवसित झगडा परेको थियो ।

बजेटका लागि हरेक आर्थिक वर्षको चैत वैशाखमा मण्डल विवादमा पर्ने गरेका छन् । करारमा उनले आफ्ना परिवार र नातेदारहरुलाई भर्ना गरी तलब, सुविधा लिएको आरोप लाग्दै आएको छ ।

सात दलीय गठबन्धनले सभामुखलाई हटाउने प्रक्रिया आगामी सोमबारबाट शुरु गर्ने उच्च स्रोतले जनाएका छन् । स्रोतका अनुसार सर्वोच्च अदालतमा आइतबार मुख्यमन्त्री विरुद्धको मुद्दाको पेशी रहेकाले सोमबार लगत्तै सभामुख विरुद्ध महाअभियोग दर्ता गरिने छ ।

सभामुख मण्डलले कसैको दबाबमा राजीनामा नगर्ने बताउँदै महाअभियोग फेस गर्ने बताउन थालेका छन् । मधेश प्रदेशमा उनी दोस्रो सभामुख हुन् । तर सभामुख बनेदेखि नै उनी विवादमा पर्दै आएका छन् ।







# क्षतिको विवरण संकलन नहुँदा किसान निरास



**टुडे समाचारदाता**

मलंगवा। कार्तिक दोश्रो साता भएको वर्षाले धानवालीमा क्षति पुगेपछि किसान चिन्तित बनेका छन्। उनीहरु सरकारले धान बालीमा पुगेको क्षतिको विवरण अझैसम्म संकलन नगर्दा क्षतिपूर्ति पाउने आश निरास भएको छ। कार्तिक १३ गतेदेखि १५ गतेसम्मको वर्षाले सर्लाहीका किसानले काटेर खेतमा पाँजा सुकाएको र काट्ने बेला भएको धान बालीमा व्यापक क्षति गरेको थियो।

कृषि ज्ञान केन्द्र सर्लाहीले जिल्लाका २० वटै पालिकालाई पत्र लेख्दै तीन दिनभित्र क्षतिको विवरण उपलब्ध गराइदिन आग्रह गरे पनि अहिलेसम्म कार्यालयलाई विवरण प्राप्त भएको छैन। पीडित किसानले क्षतिको विवरण संकलन गर्न र आफूले बेहोर्नु परेको पीडाबारे सोधीखोजी गर्न कोही नआएको गुनासो गरेका छन्।

वर्षाले एक विघा खेतको धान भिजेको हरिपुर नगरपालिका-२ स्थित सानो जगतपुरका किसान हेम थापाले अहिलेसम्म पानीले के कति क्षति पुऱ्यायो भनी बुझ्न कोही पनि नआएको बताए।

तीन दिन लगातार परेको पानी र त्यसपछि डुबानमा परेको धान खेतमै उम्रिएर क्षति पुगेको किसानहरुले गुनासो गरेका छन्।

स्थानीय तहका कृषि शाखाले यसअघिका वर्षमा यसै गरी धान तथा अन्य बालीमा वर्षाबाट पुगेको क्षतिको विवरण संकलन गरेर पठाउँदा किसानले राहत नपाएकाले पुनः विवरण संकलन गर्न जान समस्या रहेको बताएका छन्। बागमती नगरपालिकाको कृषि शाखाका प्रमुख अवधेश झाले विवरण संकलनका लागि जाँदा यसअघि केही पाइएन भन्दै किसानले विवरण दिनै आनाकानी गर्ने गरेको झाले बताए।

उनले प्रत्येक वडा कार्यालयलाई पत्र काटेर वर्षाका कारण धान तथा अन्य बालीमा पुगेको क्षतिको विवरण उपलब्ध गराइदिन आग्रह गरेको बताए।

सर्लाहीमा यस वर्ष ३९ हजार ४९० हेक्टरमा धान खेती भएको छ। गत वर्षभन्दा कम क्षेत्रफलमा धान खेती भएको र असोज र कात्तिकमा भएको भारी वर्षाले व्यापक क्षति गर्दा धान उत्पादनमा गिरावट आउने अवस्था रहेको कृषि ज्ञान केन्द्र मलंगवाका सूचना अधिकारी सीमा कार्कीले बताइन्।

उनले सबै पालिकाबाट वर्षाका कारण पुगेको क्षतिको विवरण आइनसकेको बताइन्। जिल्लाभर करिब एक हजार हेक्टरमा लगाइएको धानमा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भए पनि सबै पालिकाले विवरण नदिँदा समस्या परेको कृषि ज्ञान केन्द्रकी सूचना अधिकारी कार्कीले बताइन्।

कृषि ज्ञान केन्द्र सर्लाहीले यस महिनामा अन्तरालमा भएको भारी वर्षाले जिल्लामा २५० हेक्टर उखु बाली र दुई सय हेक्टरको तरकारी बालीमा समेत क्षति गरेको जनाएको छ।

# 'गृहमन्त्रीलाई काठमाण्डु बाहिर निस्कन दिइने छैन'

**टुडे समाचारदाता**

रौतहट। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले गृहमन्त्री ओमप्रकाश अर्यालको राजीनामा माग गर्दै काठमाण्डु बाहिर निस्किन नदिने चेतावनी दिएका छन्। भदौं २३ गतेको जेन-जी आन्दोलनमा युवाहरूमाथि गोली चलाएर हत्या गर्ने दोषीमाथि अहिलेसम्म कारबाही नगरेको भन्दै साहले गृहमन्त्रीको कार्यक्षमता माथि प्रश्न उठाएका छन्।

पोखरामा बुधबार आयोजित पार्टीको गण्डकी प्रदेश विस्तारित बैठकलाई सम्बोधन गर्दै साहले भने, "जेन-जी हत्याराहरूलाई एक साताभित्र कारबाही नगरे गृहमन्त्रीलाई काठमाडौं बाहिर निस्कन दिइने छैन। यी लुते गृहमन्त्रीले देशका लुतोहरू फाल्न सक्दैनन्, अब जनताले नै जवाफ दिनेछन्।"

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकबाट पनि बयान लिने प्रक्रिया अघि नबढाएकोमा प्रश्न गर्दै गृहमन्त्री अर्यालको राजीनामा माग गरेका हुन्। उनले भने, "जेन-जी आन्दोलनका हत्यारालाई बयानसम्म लिन नसक्ने सरकार फागुनमा चुनाव गराउँछ भन्ने कसरी विश्वास गर्न सकिन्छ?"

अध्यक्ष साहले जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूका परिवारलाई रोजगारीको ग्यारेन्टी दिनुपर्ने माग गर्दै सरकार र



मन्त्रीहरूलाई 'म्यानिपुलेशन होइन, म्यान्डेट पूरा गर्न' आग्रह गरे।

त्यसैगरी उनले ऊर्जा मन्त्री कुलमान घिसिङमाथि पनि आक्षेप गर्दै विद्युत खरिद सम्झौतामा विवाद उत्पन्न भएको विषयमा स्पष्टीकरण माग गरेका छन्।

घिसिङले दल खोल्ने गृहकार्य गरेको आरोप लगाउँदै साहले भने, "कुलमानज्यू, तपाईं जेन-जी आन्दोलनका असली हाईज्याकर हो। तपाईंको खोक्रो लोकप्रियताको नाङ्गो रुप जनताले देखिसकेका छन्।" साहले प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको वर्तमान सरकारप्रति पनि असन्तुष्टि जनाउँदै भने, "दुई महिना नबित्दै काण्डमा मुछिएका मन्त्रीहरूले जनविश्वास गुमाइरहेका छन्। अब उनीहरूले आफूमाथि लागेको आरोपको जवाफ दिनुपर्छ।"

पूर्वमन्त्री साहले एमाले अध्यक्ष केपी ओलीको कदमले चुनावी वातावरण बिगार्ने प्रयास गरिरहेको आरोप लगाउँदै एमालेका नेता-कार्यकर्तालाई त्यसबाट टाढा रहन आह्वान गरेका छन्।

"ओली अहिले दिनहुँ धम्की र हिंसाको भाषा बोल्दैछन्। उनी चुनाव होइन, अराजकता चाहन्छन्," उनले भने। उनले हालैको मधेश प्रदेशमा विवादास्पद मुख्यमन्त्री नियुक्ति र डान्स बारमा शपथ खुवाउने दृश्य स्मरण गर्दै एमाले संघीयता र लोकतान्त्रिक मूल्यविरुद्ध उभिएको टिप्पणी पनि गरे।

# हत्या गरी लुटपाट गर्ने एक महिला पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा गरगहना लुटपाट गरी गरेको आरोपमा एक महिलालाई प्रहरीले पक्राउ गरेको छ।

धनुषाको हँसपुर नगरपालिका-७ स्थित नुवाखोर टोलमा एक वृद्ध महिलाको हत्या गरी सुन तथा चाँदीका गरगहना लुटपाट गरेको आरोपमा एक महिलालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको छ।



गत २०८२ कार्तिक २४ गते राति करिब ९ बजे हँसपुर-७ स्थित नुवाखोर टोलका विन्देश्वर दास तत्माकी श्रीमती अन्दाजी ६२ वर्षीया चन्द्रकला देवी दास आफ्नै घरबाट करिब ५०० मिटर टाढा मृत अवस्थामा फेला परेकी थिइन्। घटनाको जानकारी प्राप्त हुनासाथ धनुषा प्रहरीका प्रहरी उपरीक्षक रुगम बहादुर कुवँरको अगुवाइमा अनुसन्धान टोली घटनास्थलमा खटिएको थियो। अनुसन्धानका क्रममा स्थानीय ४५ वर्षीया पवित्री देवी मण्डलले कर्तव्य गरी मृतकको गरगहना लुटपाट गरेको खुलेको प्रहरीले जनाएको छ।

धनुषा प्रहरीले मण्डललाई नियन्त्रणमा लिएको छ। पक्राउ परेकी मण्डलको साथबाट मृतकको लुटिएका गरगहनाहरू २ थान झुम्का, २ थान बाली, २ थान मंगलसूत्र र खुट्टामा लगाउने २ थान कडा बरामद गरिएको छ। यसका साथै मृतकलाई मार्न प्रयोग गरिएको हतियार समेत धनुषा प्रहरीले बरामद गरेको छ।

पक्राउ परेकी मण्डलमाथि धनुषा जिल्ला अदालतबाट म्याद अनुमति लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# सवारी दुर्घटनामा दुई जनाको मृत्यु, चार घाइते



**टुडे समाचारदाता**

सिन्धुली। सिन्धुलीको दुधौली नगरपालिका-४ स्थित लक्ष्मीपुरस्थित मदनभण्डारी राजमार्गमा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने चार जना गम्भीर घाइते भएका छन्।

भिमानबाट दुधौलीतर्फ जाँदै गरेको प्रदेश १-०२-००२ ख. ४११ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ प. २१४२ नम्बरको मोटरसाइकल तथा म. प्र.०२-००६ प. ५८४१ नम्बरको पल्सर मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाए अनुसार दुर्घटनामा गम्भीर घाइते भएका दुधौली नगरपालिका-११ स्थित टाडीका ३४ वर्षीय रामकुमार कुमर र दुधौली नगरपालिका-३ का २५ वर्षीय फुलबाबु धामीको उपचारका क्रममा दुधौली नगर अस्पताल सिर्थौलीमा मृत्यु भएको छ। त्यस्तै दुर्घटनामा दुधौली-३ का २६ वर्षीय विप्लव धामी, सोही ठाउँका २७ वर्षीय वुद्धि थारू, २५ वर्षीय सुनिल माझी र ३२ वर्षीय कुशे धामी घाइते भएका छन्। त्यसमध्ये तीन जनाको अवस्था गम्भीर रहेका जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख एवं प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए। उनले घाइतेहरु बोल्न समेत नसक्ने अवस्थामा रहेको बताए।

दुर्घटनाग्रस्त म.प्र.०२-००६ प. ५८४१ नम्बरको मोटरसाइकलमा आगलागी भइ पूर्णरूपमा क्षति भएको जनाइएको छ। ट्रक चालक धनकुटा छथर जोरपाटी गाउँपालिका-६ का २५ वर्षीय शेरबहादुर विष्टलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घाइते चारै जनालाई उपचारका लागि दुधौली नगर अस्पतालमा पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय डकाहाका प्रहरी निरीक्षक सपना खड्काले बताए।

## यस वर्षको मनसुनः
# औसतभन्दा बढी बर्षा, गत वर्षभन्दा जनधनको क्षति कम

काठमाण्डु। गत वर्षको तुलनामा यस वर्ष मनसुनको समयमा जनधनको क्षति कम भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, वर्ष २०८१ मा दुई हजार एक ३९ घटना भएकामा यस वर्ष एक हजार चार सय ५४ वटा घटना भएका छन्। प्राधिकरणका अनुसार, विपद्मा परेर गत वर्ष चार सय ९५ जनाको निधन भएकामा यस वर्ष एक सय ४० जनाको ज्यान भएको छ।

गत वर्ष विपद्का कारण १० हजार आठ सय २३ घरपरिवार प्रभावित भएकामा यस वर्ष पाँच हजार नौ सय ९५ घरपरिवार प्रभावित भएका छन्। विपद्मा परेर गत वर्ष ६६ जना बेपत्ता भएकामा यस वर्ष ३० जना बेपत्ता भएका छन्। गत वर्ष विपद्जन्य घटनामा परेर पाँच सय २२ जना घाइते भएकामा यस वर्ष तीन सय जना घाइते भएको प्राधिकरणको विवरणमा उल्लेख छ।

प्राधिकरणका अनुसार, यस वर्ष बाढीका दुई सय ९२, पहिरोका पाँच सय १३, भारी वर्षा तीन सय ९७ र चट्याङका दुई सय ५२ वटा घटना भएका थिए। बाढीमा परेर ३७ जनाको मृत्यु, २६ जना बेपत्ता र १४ जना घाइते हुँदा तीन हजार दुई सय घरपरिवार प्रत्यक्ष प्रभावित भएका थिए। यस्तै पहिरोमा परेर ६७ जनाको मृत्यु,चार जना बेपत्ता र ७७ जना घाइते भएका थिए भने एक हजार पाँच सय १८ घरपरिवार प्रभावित भएका छन्।



भारी वर्षाका कारण सात जनाको मृत्यु, २० जना घाइते भए भने नौ सय ६६ घरपरिवार प्रभावित भएका छन्। प्राधिकरणका अनुसार, चट्याङमा परेर २९ जनाको मृत्यु, एक सय ८९ घाइते हुँदा तीन सय ११ घरपरिवार प्रभावित भएका छन्। यस वर्ष मनसुन सरदरभन्दा बढी अवधिसम्म रह्यो। सरदरभन्दा केही दिनअघि अर्थात् २०८२ जेठ १५ गते नेपाल प्रवेश गरेको मनसुन एक सय ३५ दिन रहेर गत असोज २४ गते बाहिरिएको थियो।

जल तथा मौसम विज्ञान विभागका अनुसार, मनसुन अवधिमा एक हजार तीन सय ७५ दशमलव चार मिलिमिटर वर्षा भएको छ। जुन सरदर एक हजार चार १५ दशमलव पाँच मिलिमिटर वर्षाको तुलनामा ९७ दशमलव २३ प्रतिशत हो। औसतभन्दा बढी वर्षा भएपनि मानवीय तथा भौतिक क्षति विगत बर्षको तुलनामा कम भएको थियो। मनसुनको अन्त्यतिर अर्थात् गत असोज १७ देखि २० गतेसम्म ५३ जनाको ज्यान गएको थियो। मनसुनमा मानवीय क्षतिको हिसाबले इलाम सबैभन्दा बढी प्रभावित भएको थियो। इलाममा मात्रै ३९ जनाको ज्यान गएको थियो।

सरकारले इलामलाई तीन महिनाका लागि विपद संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। रसुवाको भोटेकोशीमा गत असार २४ गते गएको बाढीका कारण १८ जना बेपत्ता भएकामा ११ वटा शव तथा मानव अंग फेला परेको थियो। बाढीले रसुवागढी नाकामा रहेको मितेरी पुल बगायो।

सुक्खा बन्दरगाह र तीन वटा जलविद्युत् आयोजानमा अर्बौंको क्षति भयो। कार्गोसहित ७६ वटा गाडी बगायो। मनसुनको सुरुवातमा मधेश प्रदेशमा सुक्खाको समस्याबाट प्रभावित भयो। सरकारले मधेश प्रदेशलाई गत सायन ८ गते तीन महिनाका लागि सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ पारित गरी सबै निकायलाई एकीकृत रुपमा परिचालन गरेका कारण क्षति कम भएको अनुमान गरेको छ। प्राधिकरणका कार्यकारी प्रमुखको नेतृत्वमा कमाण्ड सेन्टर स्थापना गरी लगातार ३८ घण्टासम्म स्म्बन्धित सरोकारवालासँग समन्वय तथा निर्देशन जारी भएको थियो।

**यस्तो छ १० वर्षको विवरण**

प्राधिकरणका अनुसार, २०७३ सालमा छ सय ४२ विपदजन्य घटना भई दुई सय ८९ जनाको निधन भएको थियो। यस्तै, २०७४ मा छ सय २४ वटा विपदजन्य घटनामा परेर दुई सय ८९ जनाको ज्यान गएको थियो। प्राधिकरणका अनुसार, २०७५ मा छ सय ९३ विपदजन्य घटनामा परेर एक सय २२ जनाको ज्यान गयो।

यस्तै, २०७६मा आठ सय ४६ विपदजन्य घटनामा परेर दुई सय तीन जनाको निधन भएको थियो। यस्तै, २०७७ मा एक हजार १५ विपदजन्य घटनामा परेर तीन सय ८२ जनाले अकालमा ज्यान गुमाउनु पऱ्यो।

प्राधिकरणको विवरण अनुसार, २०७८ मा सात सय ३७ विपदजन्य घटनामा परेर एक सय ६५ जनाको निधन भयो।

त्यस्तै, २०७९ मा सात सय १२ वटा विपदजन्य घटनामा परेर एक सय ७९ जनाको ज्यान गयो। त्यसैगरी, २०८० मा आठ सय ९१ वटा विपदजन्य घटनामा परेर ९२ जनाको ज्यान गयो।रासस

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०७/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : होलिका कुमारी**
**सिम्बोल नं.: ९१८२८८०८**
**रजिष्ट्रेशन नं.: ७८२१८००६००९३**
**ठेगाना:जि.म. औरही न.पा.-९, टिमकिया**
**मो.नं. ९८१२१२१४५१**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** माया प्रेममा सामिप्यता बढेर जाने योग रहेकोछ।
**वृष :** साँझबाट समय राम्रो रहेकोले दाजुभाई को सहयोगले राम्रा काम गर्न सकिनेछ।
**मिथुन :** विद्यामा सफलता पाउन नकिनै संघर्ष गर्नुपर्ला।
**कर्कट :** दिदीबहिनी संग मनमुटाब बढ्ने योग रहेको छ।
**सिंह :** पारिवारिक माहोलमा दिन बित्नेहुँदा मन प्रशन्न हुनेछ।
**कन्या :** विभिन्न अवसर आएपनि ती अवसरको सही तरिकाले सदुपयोग गर्न नसक्दा समयले तपाईलाई पछाडि छोड्नेछ।
**तुला :** आमा तथा आफन्तसँग मनमुटाब बढ्नेछ।
**वृश्चिक :** क्षमता प्रयोग गरि अरुलाई सजिलै प्रभावमा पारेर कामहरु लिन सकिनेछ।
**धनु :** विद्या तथा प्रतिस्पर्धामा अरुलाई पछाडि पारिनेछ।
**मकर :** अरुको काममा समय बित्ने छ।
**कुम्भ:** पढाइ लेखाइमा मन नजाने हुँदा नतिजा अरुकै पोल्टोमा पर्नेछ।
**मीन :** माया प्रेममा रमाउनहरुको लागि राम्रो छ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरु**

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मुख्यमन्त्रीको नियुक्ती असंवैधानिक रहेको भन्दै सात दलीय गठवन्धनको आन्दोलन जनकपुरधाममा बुधबार पनि जारी रहयो । *तस्बिर : टुडे*

# सर्वोत्कृष्ट वैज्ञानिकको सूचीमा ३१ जना नेपालमा कार्यरत समावेश




पाटन । विश्वका सर्वोत्कृष्ट वैज्ञानिकहरूको सूचीमा ३१ जना नेपालमा कार्यरत वैज्ञानिकहरु समावेश भएका छन् । नेपाल विज्ञान तथा प्रज्ञा प्रविधि प्रतिष्ठान (नाष्ट) का सचिव रवीन्द्र ढकालले दिनुभएको जानकारी अनुसार एल्सेभियरसँगको सहकार्यमा अमेरिकाको स्ट्यानफोर्ड युनिभर्सिटीले तयार पारेको वार्षिक 'ग्लोबल -याङ्किङ'मा ३१ जना नेपाली वैज्ञानिकहरु समावेश भएका हुन् ।

"स्ट्यानफोर्ड युनिभर्सिटीले हरेक वर्ष यस्तो सुची तयार गर्छ, अध्ययन अनुसन्धानका आधारमा उहाँहरुले प्रकाशन गर्नुभएको पुस्तक र 'साइटेशन' का आधारमा यो तयार गर्छ, सन् २०२५ मा विश्वका सबैभन्दा बढी प्रभाव पार्ने शीर्ष वैज्ञानिकहरुको सूचीमा उहाँहरु पर्नुभएको हो ।" सचिव ढकालले भन्नुभयो ।

उहाँकाअनुसार नेपाली अनुसन्धानकर्ताहरूले अनुसन्धान, आविष्कार र दिगोपनको माध्यमबाट विश्वव्यापी प्रभाव पारेका छन् । स्ट्यानफोर्ड युनिभर्सिटीले सार्वजनिक गरेको सूची अनुसार त्रिभुवन विश्वविद्यालयका सातजना तथा नेपाल हेल्थ रिसर्च काउन्सिल, बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान र अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का दुई/दुई जना वैज्ञानिकहरु समावेश छन् ।

जसमा त्रिभुवन विश्वविलालयका अजय भट्टराई, रमेशप्रसाद अधिकारी, भीष्म कार्की, नीरञ्जन पराजुली, रामप्रसाद शर्मा, गोविन्दप्रसाद ढुङ्गाना र त्रिवि शिक्षण अस्पतालका रञ्जितकुमार शाह छन् ।त्यसैगरी बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सञ्जीवकुमार शर्मा र सुमन रिजाल तथा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अरूणभक्त श्रेष्ठ र फिलिप वेस्टर शीर्ष वैज्ञानिकहरूको सूचीमा समावेश छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का वैज्ञानिक डा नीरञ्जन कोइराला पनि सूचीमा हुनुहुन्छ ।काठमाडौँ इन्स्टिच्युट अफ कम्प्लेक्स फ्लोजका शिवप्रसाद पुडासैनी, नेपाल हेल्थ रिसर्च काउन्सिलका मेघनाथ धिमाल, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डेभलपमेन्टका छविलाल रानाभाटको नाम सो सूचीमा उल्लेख छ ।

ट्रान्स कल्चरल साइकोसोसल अर्गनाइजेशन नेपालका मार्क जेडी जोर्डन्स, इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्स्ट्च्युटका सन्तोष नेपाल, गण्डकी युनिभर्सिटीका राजकुमार थापा त्रिविका हरि (थर उल्लेख नभएको) छन् ।

सिईएमवाइटी पिटर आर हब्स, ग्लोबल इन्स्टिच्युट फर इन्टरडिसिप्लिनरी स्टडिजका सुरेन्द्र केसी, काठमाडौँ विश्वविद्यालयका सुदनकुमार झाको नाम पनि समावेश छ । त्यसैगरी ग्रेड एकेडेमी प्रालिका रन्दिप रकुवाल, काठमाडौँ क्यान्सर सेन्टरका सुनिलकुमार श्रेष्ठ, ग्रेट एकेडेमी प्रालिका गणेशकुमार अग्रवाल छन् ।

बायो टेक्नोलोजी सोसाइटी अफ नेपालका विकास बराल, लुम्बिनी मेडिकल कलेजका आलोक आत्रेय, एनएनआर सिका उत्तम पौडेल, सिलिकन स्क्रिप्ट साइन्स प्रालिका पुकार खनाल, ग्लोबल हेल्थ रिसर्च एण्ड मेडिकल इन्टरभेन्सन फर डेभलपमेन्टका सुरज भट्टराई र कलेज अफ मेडिकल साइन्सेज नेपालका विपिन चौरसिया छन् ।सो सूचीमा नेपालका वैज्ञानिकहरु समावेश हुनुले अन्तरराष्ट्रियस्तरमा नेपालका वैज्ञानिकहरुको क्षमताको उत्कृष्ट मूल्याङ्कन भएको नाष्टका सचिव ढकालले बताउनुभयो ।रासस

# विपद् व्यवस्थापनमा सहकार्यका लागि प्राधिकरण र एआइटीका अधिकारीबीच छलफल

काठमाण्डु । थाइल्याण्डको बैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआइटी) र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबीच नेपालको विपद् व्यवस्थापनमा सहकार्य गर्ने विषयमा छलफल भएको छ ।




प्राधिकरणका कार्यकारी प्रमुख इ दिनेश भट्ट र एआइटीको स्कुल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजिका डिन प्रोफेसर सङ्गम श्रेष्ठबीच सम्पन्न बैठकमा नेपालको पहिरो, बाढीलगायत विपद्को अध्ययन गर्न सहकार्य गर्ने विषयमा छलफल भएको हो ।उहाँहरूबीच एआइ मोडुल विकास गरी भूकम्पले क्षति पुगेका घर तथा भवनको विस्तृत क्षति अध्ययन (ड्यामेज ग्रेड डिटेक्सन) गर्नेबारे पनि छलफल भएको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो ।

यसैगरी नेपाली विद्यार्थीहरूका लागि उक्त विश्वविद्यालयमा इन्टर्नसीप गराउन सहजीकरण गर्ने विषयमा पनि छलफल भएको उहाँले बताउनुभयो । यसका लागि प्राधिकरण र विश्वविद्यालयले सम्झौता गरेर सहकार्यलाई अघि बढाउने कुरा भएको प्रोफेसर श्रेष्ठले जानकारी दिनुभयो । थाइल्याण्ड भ्रमणमा रहनुभएका कार्यकारी प्रमुख भट्टले उक्त विश्वविद्यालयको वाटर इन्जिनियरिङ एण्ड मेनेजमेन्टमा रहेको हाइड्रोलिक्स ल्याब र एआइ एण्ड सिमुलेसन ल्यावको पनि अवलोकन गर्नुभएको छ ।

उक्त अवसरमा नेपालको हिमाली क्षेत्रमा पछिल्लो चुनौतीका रूपमा देखा परेको सीमापार सूचना आदानप्रदानमा आर्टिफिसियल इन्टेलिजेन्सको कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे र विपद्को अध्ययन अनुसन्धानमा ड्रोन प्रयोगको सम्भाव्यताबारे पनि छलफल भएको प्रमुख भट्टले बताउनुभयो ।रासस

# प्रकृति संरक्षणसम्बन्धी सचेतना जगाउँदै सेना

काठमाण्डु । नेपाली सेनाले प्रकृति संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणलगायत विषयमा दुई सय भन्दा बढी विद्यार्थी र स्थानीयमाझ सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ सेनाका युनिटले विभिन्न स्थानमा उनीहरुलाई संरक्षण शिक्षालगायत जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ रणसिंहदल गणले कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-३ स्थित श्री शङ्कर पार्वती माविका शिक्षक तथा शिक्षार्थीलाई ' मानव वन्यजन्तु द्वन्द्वको कारण र न्यूनीकरणको उपाय' सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

यस्तै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नयाँ गोरख गणले चितवनको माडी नगरपालिका-९ स्थित श्रीकृष्ण नगर माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई संरक्षणको महत्व, निकुञ्ज सुरक्षामा नेपाली सेनाको भूमिका, जङ्गली जनावरको आनीबानी तथा सेनामा भर्ना छनोट प्रक्रियालगायत विविध विषयमा जानकारी गराएको सेनाले जनाएको छ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ जबरजङ्ग गणले निकुञ्ज कार्यालय तथा राष्ट्रिय प्रकृति संरक्षण कोषको संयुक्त आयोजना तथा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सहकार्यमा मधुवन नगरपालिका-१ स्थिति त्रिभुवन माध्यमिक विद्यालयमा स्थानीयलाई सहभागी गराई प्रकृति संरक्षण तथा सामाजिक सुरक्षा कार्यमा समुदायको भूमिकाबारे सचेनामूलक कार्यक्रम सञ्चालन गरेको थियो ।

हाल सेनाका आठ गण, सात वटा अनाश्रित गुल्म र एक शिक्षालय गरी करिब नौ हजार फौज १४ संरक्षित क्षेत्रमा परिचालित रहँदै आएको छ । संरक्षणमा खटिने क्रममा हालसम्म सेनाका ११६ जना सकलदर्जाले वीरगति प्राप्त गरेका निर्देशनालयले जनाएको छ ।रासस

# बदलिँदो सुरक्षा चुनौती र राजस्व छली रोक्न सशस्त्रका एसएसपीहरूलाई सीमा क्षेत्रमा खटाइयो



काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालले बदलिँदो सुरक्षा चुनौती र राजस्व अभिवृद्धि गर्ने उद्देश्यले सशस्त्रका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हरूलाई मुख्य सीमा नाकामा खटाएको छ ।

सीमा नाकामा खटाइएका वरिष्ठ उपरीक्षकहरूले सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयसँगको आवश्यक समन्वयमा तोकिएको एकाइमा बसी दैनिक तथा साप्ताहिक रूपमा आफूले सम्पादन गरेका कार्य सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा प्रतिवेदन गर्नेछन् ।

निश्चित समयमा उनीहरूले गरेका कार्य प्रभावकारी देखिएमा सङ्गठनले उक्त कार्यलाई निरन्तर दिन उनीहरूका ठाउँमा अरु सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकहरूलाई जिम्मेवारी तोकी खटाउनुका साथै सीमा क्षेत्रमा हुने कुनै खबर, सूचना तथा गुनासो भएमा सर्वसाधारण नागरिकहरूले समेत प्रत्यक्ष रूपमा सम्पर्क गर्नसक्ने व्यवस्थसमेत मिलाइएको सशस्त्र प्रहरी बलको केन्द्रीय कार्यालयका प्रहरी नायव उपरीक्षक तथा सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

उहाँहरूले सम्बन्धित सीमा क्षेत्रमा खटेर राजस्व चुहावट, चोरीनिकासी तथा पैठारीसम्बन्धी गैरकानुनी कार्यमा रोक लगाउनुका साथै सो कार्यमा संलग्न देखिएका व्यक्तिहरूलाई तत्काल कारबाहीको दायरामा ल्याउने छन् भने सीमासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण तथा व्यवस्थासमेत गर्ने छन् ।

उहाँहरू नेतृत्वको टोलीले लागुऔषध, हातहतियार ओसारपसार एवं फरार कैदीलगायत आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाउनुका साथै भन्सार, राजस्व अनुसन्धान, उद्योग वाणिज्य सङ्घ, स्थानीय निकाय, स्थानीय व्यापारी एवं सर्वसाधारणसँग समन्वय गरी सीमा अपराध नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गर्ने जनाइएको छ ।

यस्ता कार्यहरूले भन्सार नाकाबाट वैध तरिका अवलम्बन गरी सामान आयात गर्ने प्रचलन कायम गराउन भन्सार कार्यालयलगायत सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य गर्ने वातावरण समेत सृजना हुने विश्वास लिइएको छ ।

**को कहाँ खटिए ?**

वरिष्ठ उपरीक्षकहरूमध्ये कोशी प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टा झापा र प्रस्तावित सीमा सुरक्षा गुल्म रानी मोरङमा रहेर सो प्रदेशका अन्य सीमा नाकामा निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदी तथा मधेस प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल नं ८ गण धनुषा र प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज पर्सामा रहेर सो प्रदेशका अन्य सीमानाकाको समेत निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेललाई खटाइएको छ ।रासस

# निर्वाचन तयारी : थपिँदै नयाँ मतदाता र राजनीतिक दल

काठमाण्डु । आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणापछि नयाँ मतदाता र राजनीतिक दल थपिने क्रम जारी रहेको छ ।

निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली सङ्कलनमा हालसम्म दुई लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् भने निर्वाचन घोषणापछि २१ नयाँ दलले दर्ताका लागि आयोगमा आवेदन दिएका छन् । केही दलले दर्ता प्रमाणपत्र पाइसकेका छन् भने केही दल विभाजन भई नयाँ दलको मान्यता पाएका छन् । केही दल एकताको प्रक्रियामा छन् ।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरी आयोगद्वारा सञ्चालित मतदाता नामावली सङ्कलन तथा अद्यावधिक उत्साहजनक सहभागिता भइरहेको र मङ्गलबारसम्ममा दुई लाख नौ हजार पाँच सय २२ नयाँ मतदाता थपिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

यही कात्तिक २५ गतेसम्ममा एक लाख २२ हजार सात सय ४० पुरूष, ८६ हजार सात सय ८५ महिला र अन्य २७ गरी दुई लाख नौ हजार पाँच सय २२ जना नयाँ मतदाता थपिएका हुन् । कात्तिक २५ गते मात्रै १३ हजार ६६ पुरूष, १० हजार पाँच सय ६७ महिला र अन्य पाँच गरी २३ हजार छ सय ३८ नयाँ मतदाता भएका छन् ।

आयोगका सातवटै प्रदेश र ७० वटै जिल्ला निर्वाचन कार्यालयबाट हरेक दिन बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक भइरहेको छ । आयोगले गत असोज ९ गतेदेखि सञ्चालन गरेको नामावली सङ्कलनको कार्य यही कात्तिक ३० गतेसम्म जारी राख्नेछ । प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनमा भाग लिई विवेकको मत प्रयोग गर्ने अवसरका लागि नाम दर्ता गराउन युवा युस्तालाई आह्वान गर्दै आउनुभएको छ ।




नाम दर्ता गर्न सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको मतदाता नामावली दर्ता स्थलमा नेपाली नागरिकताको प्रमाणपत्रका साथ सम्बन्धित व्यक्ति उपस्थित भई जैविक विवरण (बायोम्याट्रिक) दिनुपर्छ। यसरी विवरण दिने समय लिनका लागि अनलाइन माध्यमबाट प्रि-रजिष्ट्रेशन (पूर्वदर्ता) पनि गराउन सकिन्छ ।

अहिले नाम दर्ता गर्ने नागरिकले मताधिकार प्रयोग गर्न निर्वाचन हुने अघिल्लो दिन आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा भएको हुनुपर्नेछ । आयोगले हाल नामावली सङ्कलनमा देखिएको भीड व्यवस्थापनका लागि नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तर आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा नहुने नागरिकलाई हालको नाम दर्तामा भाग नलिन आग्रह पनि गरेको छ । निर्वाचनपछि पुनः नामावली सङ्कलन हुने भएकाले आशन्न निर्वाचनमा भाग लिन नपाउनेहरूले अहिले नामावली सङ्कलनमा हतार नगर्न आयोगले आग्रह गरेको हो ।

आयोगले नाम दर्ता स्थलहरूमा देखिएको अधिक चापलाई व्यवस्थापन गर्न र सहजरूपमा सेवा प्रवाह गर्नका लागि दैनिक आठ सयभन्दा बढी नाम दर्ता भइरहेका जिल्लाहरूमा छ/छ घन्टाका दरले दुई सिफ्टमा (दैनिक १२ घन्टा) सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छ । यसका लागि काठमाडौँ उपत्यकाभित्रका तीन जिललाको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट थप १४ जना कर्मचारी खटाइ सेवा प्रवाहको व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो । अन्य जिल्लाका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सेवाग्राहीको चापका आधारमा जनशक्ति खटउने गरी आयोगले नेपाल सरकार, गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

मतदाता नामावली दर्ता गर्न भने १६ वर्ष उमेर पुगेपछि मिल्नेछ । गत कात्तिक १७ गतेसम्म १८ वर्ष उमेर पूरा भई मताधिकार प्रयोग गर्न पाउनेहरूको स२्या एक करोड ८१ लाख ६८ हजार दुई सय ३० रहेको थियो । नागरिकले नागरिकताको प्रमाणपत्रमा रहेकोभन्दा भिन्नै ठेगानामा हाल स्थायी बसोबास गरेको भए नागरिकता प्रमाणपत्रको अतिरिक्त बसाइँसराइका प्रमाणपत्र वा विवाह गरी हालको स्थायी ठेगानामा आएको हकमा विवाह दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । नामावली सङ्कलनका क्रममा विगतमा भएको नामावलीमा त्रुटि सच्याउने, नाम सार्ने, नाम हटाउने, दाबीविरोध गर्ने र नयाँ नाम थप गर्नेलगायतका कार्यहरू हुँदै आएको छ ।

**दल दर्ताको संख्या एक सय २५ पुग्यो**

आयोगमा हालसम्म राजनीतिक दल दर्ताको स२्या एक सय २५ पुगेको छ । । निर्वाचन घोषणापछि विभिन्न २१ नयाँ दलले निर्वाचन आयोगका दर्ताका लागि निवेदन दिएकामा अध्ययनपश्चात् स्वीकृत हुने क्रम जारी रहेको छ। पछिल्लो दिनमा कबिर सोपको नेतृत्वमा 'जाँतो' निर्वाचन चिह्न भएको नागरिक उन्मुक्ति पार्टी नेपाल नयाँ दर्ता भएको छ भने वामदेव गौतम नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियान खारेज भएको छ। हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टी र दिनेशराज प्रसाईँ नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टी नयाँ थपिएको छ । दल विभाजन भई राष्ट्रिय जनमुक्ति पार्टी र जनस्वराज पार्टी नयाँ दल भएका छन् ।


नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान, नियमावली र घोषणापत्र दुई/दुई प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिह्न, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना, केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आय स्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि खुलाउनुपर्छ ।

**निर्वाचन प्रयोजनका लागि अलग्गै दर्ता हुनुपर्ने**

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले निर्वाचनमा भाग लिने भएमा पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ । त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ । आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालकाअनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनाका लागि दल दर्ताको सूचना प्रकाशन गर्नेछ। सोका लागि आयोगले आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिनेछ। यसरी दर्ता गर्ने दलले मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका दल दर्ताका लागि निवेदन दिन पाउनेछन् ।

**प्रधानमन्त्री र आयोगबीच छलफल हुँदै**

यसैबीच निर्वाचनको समग्र तयारी, आयोग र सरकारको समन्वयका विषयमा आज प्रधानमन्त्री कार्की र आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित पदाधिकारीबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल हुँदैछ । सरकारले विदेशमा रहेका मतदातालाई कसरी मतदानको अधिकार दिलाउन सकिन्छ र त्यसका लागि कस्तो कानुनी र प्राविधिक सम्भावनाका विषयमा आयोगसँग परामर्श गर्दै आएको छ। निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रधानमन्त्री कार्की र आयोगका पदाधिकारीबीच यसअघि गत असोज ७ गते छलफल भएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विपक्षी दलहरुले धैर्य गर्नुपर्छ

मधेश प्रदेशमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३)को गलत प्रयोग गरी अलोकतान्त्रिक विधिबाट नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेको विरोधमा सर्वोच्च अदालतमा परेको रिटमा अदालतले अन्तरिम आदेश जारी गरेको छ। अन्तरिम आदेशमा मुख्यमन्त्रीलाई दीर्घकालीन असर पर्ने कुनै काम कारबाही नगरी मंसिर १० गते लिखित जवाफ पठाउन भनेको छ। दुई पक्षलाई नै सो दिन छलफलमा बोलाइएकोले अदालतबाट जुनसुकै किसिमको फैसला पनि हुन सक्नेछ । मंसिर १० गते सम्म कम्तीमा मुख्यमन्त्री यादवको कार्यकाल अन्तरिम आदेशले सुनिश्चित गरेको छ। त्यसपछि अदालतले गर्ने आदेश बमोजिमको प्रक्रिया अगाडि बढ्ने छ। मुख्यमन्त्री यादवको विपक्षमा रहेको ७ दलका ७४ जना सभासदले पनि मंगलबार सर्वोच्चमा रिट दर्ता गराएका छन्। अदालती प्रक्रियामा गइसकेको विषयमा अदालतको आदेशलाई प्रतीक्षा गर्नुपर्छ । मंगलबार सर्वोच्चले जारी गरेको आदेशको सबै पक्षबाट सम्मान हुनुपर्छ। विपक्षी दलहरुले अदालतको अर्को आदेश जारी नभए सम्म धैर्य गर्नुपर्छ। लोकतान्त्रिक पद्धतिमा चित्त नबुझेको विषयमा शान्तिपूर्ण विरोध गर्ने अधिकार सबैको छ। विपक्षी दलहरुले अलोकतान्त्रिक ढंगले गैरसंवैधानिक कार्य गर्ने प्रदेश प्रमुख विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकारको उपयोग गर्दा कतैबाट बाधा हुनु हुँदैन। लोकतान्त्रिक पद्धतिमा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन् गर्न नहुने मान्यता छ । मधेश प्रदेशमा पछिल्लो पटक भएको राजनीतिक उथलपुथलले एकसाथ कयौं गैरलोकतान्त्रिक परिणाम देखिएको छ । मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतीश कुमार सिंहले घोषणा गरेको राजीनामा र हटाउन जनमत पार्टीले अपनाएको प्रक्रिया लोकतान्त्रिक मूल्य, मान्यता अनुकूल थिएन। त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालका नेता जितेन्द्रप्रसाद सोनललाई मुख्यमन्त्री बनाउन निर्माण भएको गठबन्धन पनि लोकतान्त्रिक मुल्य मान्यतालाई लत्याउँदै बनाइएको थियो। सोनलले विश्वासको मत लिने क्रममा भएको गतिविधि पनि लोकतान्त्रिक विधि, मूल्य र मान्यता विपरीत थियो। त्यसपछि प्रदेश प्रमुख भण्डारीले नाँगो नाच नै गरे। मधेश भवनस्थित आफ्नो कार्यालयमा विपक्षी दलहरुसितको छलफलमा उनले धारा १६८ (२) अनुरुप नै सरकार बनाउने वचन दिएकी थिइन् । तर मध्यरात नै उनी महोत्तरी जिल्लाको बर्दिवासस्थित एउटा बार रेष्टुरेन्टमा मुख्यमन्त्री नियुक्तको पत्र र शपथग्रहण गराएर भागिन् । संविधानको धाराको प्रयोगको विषय भन्दा भण्डारीले मुख्यमन्त्रीको बहाली र शपथग्रहणका लागि अपनाइएको प्रक्रियाले बढी आलोचना भएको छ। मधेश प्रदेशको मुख्यमन्त्रीको सपथ बार रेष्टुरेन्टमा गराएर भण्डारीले एमाले पार्टीप्रतिको वफादारी देखाइन्। तर उनी पनि अपमानित भएर बर्खास्त भइन्। उनले नियुक्त गरेका मुख्यमन्त्री पनि समस्यामा परेका छन् । मुख्यमन्त्रीको नियुक्ति र शपथ जनकपुरधाममा गराइएको भए अहिलेको समस्या आउने थिएन।

# कलङ्क पोतिएका अनुहारहरू लिएर कसरी मत माग्न जान्छ कांग्रेस ?



डा. शोभाकर पराजुली

देशको एउटा जिम्मेवार अनि ऐतिहासिक पार्टीका लागि उसका आन्तरिक मामलाहरू भन्दा धेरै माथि हुन्छ, राष्ट्रिय जिन्दगीको सवाल । तर देशको सबैभन्दा ठुलो मानिएको र राष्ट्रिय सङ्कटका बेला निर्णायक हुने ठानिएको नेपाली कांग्रेस अहिले इतिहासकै गहिरो अलमलमा फसेको छ।

एकातिर सारा कार्यकर्ता, शुभेच्छुक अनि करोडौँ नागरिकले नेपाली कांग्रेसलाई पर्खिरहेको स्थिति छ भने अर्कोतिर सारा अन्तर्राष्ट्रिय समुदायले पनि नेपाली कांग्रेसका रणनीतिहरू पर्खिरहेको अवस्था छ। तर नेपाली कांग्रेस आफैभित्र फर्केर हेर्ने हो भने यो अलमल र गलफतीको भुमरीमा कांग्रेस आफै मात्रै होइन कांग्रेसले सिङ्गो राष्ट्रलाई डुबाउने खतरा बढिरहेको छ।

एक महिना पुग्न लाग्यो, नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक सकिएको छैन। आज-भोलि भन्दा भन्दै आवश्यक रूपमा बैठक लम्ब्याइएको छ । जसका कारण नेपाली कांग्रेस मूल मुद्दाबाट टाढा-टाढा भागिरहेको भान भइरहेछ । एउटा पार्टीको आन्तरिक झगडा र त्यसभित्रका असहमति वा भनौँ उसका मुद्दाहरू राष्ट्रिय जीवनका मुद्दा भन्दा माथि हुनै सक्दैनन्।

त्यसमा पनि नेपाली कांग्रेस आफैमा जिम्मेवार र ऐतिहासिक पार्टी हो। जोसँग मात्रै केही राजनीतिक अणुहरू छैनन्, बरु नेपाली काँग्रससँग नेपाली राजनीतिक इतिहासका जीवन्त अनि सग्ला अंशहरू छन् । जो गाँसिदै-गाँसिदै राष्ट्रको सिङ्गो इतिहास निर्माण भएको छ।

तमाम प्रश्नहरूका पहाडमाथि जसरी नेपाली कांग्रेस आजको अवस्थामा पुगेको छ, राष्ट्रमाथि त्यो भन्दा भयङ्कर सङ्कट र चुनौतीका शिखरहरू छन्। त्यसलाई छिचोल्ने बाटाहरू खोज्ने कि नेपाली कांग्रेस भग्नावशेष भित्रै लुटपुटिई रहने ?

इतिहासका त्यस्ता कैयौँ मोडहरूमा नेपाली कांग्रेसका निर्णायक कदमहरू राष्ट्र अनि राष्ट्रिय राजनीतिका लागि कालजयी भएका छन् । ००७ सालको क्रान्ति होस् या ०४६ सालको जनआन्दोलन वा भनौँ ०६२/०६३ को नागरिक विद्रोह अनि त्यो भन्दा अघि माओवादी युद्धलाई शान्तिपूर्ण राजनीतिको मूलबाटोमा ल्याउनका त्यो बेला नेपाली कांग्रेसले उठाएको चुनौती।

तत्कालीन सभापति स्व. गिरिजाप्रसाद कोइरालाले आफ्नो सिङ्गो राजनीतिक जीवनलाई दाउमा लगाएर राष्ट्रका निम्ति त्यो चुनौतीपूर्ण कदम उठाउनुभएको थियो। जसका कारण देश १० वर्षको आन्तरिक सशस्त्र युद्धबाट मात्रै होइन, सकसपूर्ण शासकीय र राजनीतिक व्यवस्थालाई नै परिवर्तन गर्न सफल भयो । २४० वर्षको वंशीय शासनको त्यो खालको शान्तिपूर्ण बहिर्गमन इतिहासमा निकै कम मात्रै भएका छन्।

इतिहासको त्यो अभिभारा निभाउने बेला हो यो। जेनजी आन्दोलनपछि देशमा राजनीतिक रिक्तता अझ गहिरो बन्दैछ। आन्दोलनले अस्वीकृत गरेका राजनीतिक दलहरू अस्तित्व नै सङ्कटमा परिरहेको अवस्था छ। 'पुराना अनि थोत्रा' भनेर नवपुस्ताबाट अस्वीकृत राजनीतिक दलहरूको सट्टा दिनहुँ निर्वाचन आयोगमा नयाँ-नयाँ राजनीतिक दलहरूको न्वारान भइरहेको छ।

यस्तो अवस्थामा नेपाली कांग्रेसले धुलो लागेको ऐना मात्रै पुछिरहने कि कलङ्कले छोपिएका अनुहारहरू नै फेर्ने ? महाधिवेशन मङ्सिर, पुस वा वैशाख जेठमा गर्ने, निर्वाचन अघि गर्ने कि पछि गर्ने ? भन्दा पनि फागुन २१ को निर्वाचनलाई कसरी सफल बनाउने भन्ने नेपाली कांग्रेसको मूल मुद्दा हो ?

जलेको पार्टी कार्यालयमा असरल्ल बीपीका

> इतिहासको त्यो अभिभारा निभाउने बेला हो यो । जेनजी आन्दोलनपछि देशमा राजनीतिक रिक्तता अझ गहिरो बन्दैछ । आन्दोलनले अस्वीकृत गरेका राजनीतिक दलहरु अस्तित्व नै सङ्कटमा परिरहेको अवस्था छ । "पुराना अनि थोत्रा" भनेर नवपुस्ताबाट अस्वीकृत राजनीतिक दलहरुको स । दिनहुँ निर्वाचन आयोगमा नयाँ-नयाँ राजनीतिक दलहरुको न्वारान भइरहेको छ ।

तस्बिरहरूले आजको कांग्रेसको नेतृत्वलाई गिज्याइरहेका छैनन् बरु बीपीका ती तमाम आदर्श र सपनाहरूलाई कांग्रेस आफैले खरानी बनाइरहेको छ, भग्नावशेषलाई पनि चुरचुर पारेर।

निकासको ताजा अनि जनअनुमोदित बाटोलाई बन्द गर्दै फगत महाधिवेशनको चक्कर काटिरहेको नेपाली कांग्रेसले भोलिको पुस्तालाई के जवाफ दिने ? यी तमाम प्रश्नहरूका पहाडमाथि जसरी नेपाली कांग्रेस आजको अवस्थामा पुगेको छ, राष्ट्रमाथि त्योभन्दा पनि भयङ्कर सङ्कट, समस्या र चुनौतीका शिखरहरू छन्। त्यसलाई छिचोल्ने बाटाहरू खोज्ने कि नेपाली कांग्रेस भग्नावशेष भित्रै लुटपुटिई रहने ?

जलेको पार्टी कार्यालयमा असरल्ल बीपीका तस्बिरहरूले आजको नेपाली कांग्रेसको नेतृत्वलाई गिज्याइरहेका छैनन् बरु बीपीका ती तमाम आदर्श र सपनाहरूलाई नेपाली कांग्रेस आफैले खरानी बनाइरहेको छ, भग्नावशेषलाई पनि चुरचुर पारेर।

यो हदसम्मको राष्ट्रिय बेपरवाह, अलमल र अनाहकको गलफती नेपाली कांग्रेसबाट यो राष्ट्रलाई कहिल्यै अपेक्षा थिएन र हुन पनि सक्दैन।

नेपाली कांग्रेस आफैमा एउटा लोकतान्त्रिक पार्टी हो । मासबाटै जन्मिएको पार्टी हो । छलफल, विवाद र बहसहरूबाटै निकासको बाटो निस्किन्छ। लोकतन्त्रको मर्म पनि त्यही नै हो। तर पुग्नुपर्ने कता छ, गोरेटाहरू कता अर्कैतिर पहिल्याउने जुन प्रकारको आत्मघाती भुमरी नेतृत्वले रचना गर्दैछ, त्यसले उनीहरूलाई मात्रै होइन सिङ्गो राष्ट्रलाई नै डुबाउनेछ।

यसर्थ यो समय भनेको महाधिवेशन वा नेतृत्वको अभीष्टमा अल्झिने होइन। व्यक्ति, गुट र समूहको स्वार्थ भन्दा माथि उठ्न सक्नुपर्छ । पार्टीलाई उठाउन सक्नुपर्छ। र, यो राष्ट्रमाथि मडारिइरहेका सङ्कटहरूबाट निकासको बाटो पहिल्याउनुपर्छ। राष्ट्र रहेन न राजनीति रहला, पार्टी रहलान् अनि नागरिक रहलान् अनि मात्र नेपाली कांग्रेस रहला।

सकिँदैन भने हात उठाउँदा हुन्छ, नेतृत्वका लागि तम्तयार जिउँदा जाग्दाहरूको कांग्रेसभित्र कमी छैन। होइन भने सीमित स्वार्थ र गुटगत अभीष्टका लागि पार्टी अनि सिङ्गो राष्ट्रलाई नै बन्धक बनाउने छुट नेतृत्व वा पदाधिकारी कसैलाई पनि छैन।

राजनीतिक दार्शनिक जर्ज अर्वेलले भनेका छन्, 'मानिसलाई नष्ट गर्ने सबै भन्दा प्रभावकारी उपाय भनेको उनीहरूको इतिहासको आफ्नै बुझाइलाई इन्कार गर्नु र नष्ट गर्नु हो।' नेतृत्वको एउटा सानो नचाहिँदो हठ, इगो र मसिनो अविवेकले सिङ्गो देशलाई नै कसरी खरानी बनाउन सक्छ भन्ने त हामीले गत भदौ २३ र २४ गते नवपुस्ताको विद्रोहको ज्वालाबाट देखिसकेका छौँ।

र, फेरि पनि राष्ट्रिय समस्यालाई अनदेखा गर्दै मात्रै व्यक्ति, गुट अनि समूहको अभीष्टलाई मात्रै सर्वश्व ठान्यौँ भने हामीले आफ्नो इतिहास आफै मेटाउनेछौँ। अनि हामी पनि मेटिनेछौँ। यो आत्मघाती अलमल तत्काल चिर्नैपर्छ । त्यसका लागि अब नेपाली कांग्रेस भित्रको नयाँ पुस्ताले विद्रोहको चिराग सल्काउनै पर्छ। त्यसको अर्थ पार्टी फुटाउने वा नयाँ पार्टीको जन्म होइन। बरु यो नेतृत्वमाथि नियन्त्रणका लागि अब नेपाली कांग्रेसका नवपुस्ताले आफ्नो शक्ति देखाउनै पर्ने भएको छ।

यति बेला महामन्त्रीहरूले भन्नै पर्छ, के-कति काम भयो ? जिम्मेवारी उहाँहरूकै हो। महाधिवेशनका लागि के-कति काम बाँकी छ र अब के-के गर्ने भनेर कार्यकर्तालाई बुझाउनै पर्छ । कार्यवाहक सभापति भनेको अहिलेको अवस्थामा सभापति नै हो। कांग्रेस परम्परा अनि विधान पनि प्रस्ट छ, कार्यबाहकका जिम्मेवारीहरू प्रस्ट छन्।

पूर्णबहादुर खड्काजी मात्रै नेपाली कांग्रेसको पहिलो कार्यवाहक होइन । उहाँले आफ्नो राजनीतिक गुरुका रूपमा आदर गर्ने किशुनजी पनि कुनै बेला बीपीका कार्यवाहक नै हुनुहुन्थ्यो। केही गुण सिक्नुपर्छ, केही आदर्श पछ्याउनु पर्छ। तर आफू सकिँदै गर्दा सबैलाई सिध्याउँछु भन्ने मूर्खतापूर्ण ध्येय एउटा लोकतान्त्रिक पार्टीका लागि कहिल्यै क्षम्य हुँदैन । अहिलेको अवस्थामा त झन् हुँदै हुँदैन।

प्रस्ट कुरा के हो भने कार्यवाहक सभापति भइसकेपछि अब उहाँ कुनै गुट वा समूहको होइन। उहाँ दशौँ लाख कार्यकर्ताका लागि नेपाली कांग्रेसको सभापति हो। नेतृत्व हो। अनि राष्ट्रका निकासका लागि बाटो पहिल्याउने व्यक्ति पनि उहाँ नै हो । सकिँदैन भने हात उठाउँदा हुन्छ, नेतृत्वका लागि तम्तयार जिउँदा जाग्दाहरूको नेपाली कांग्रेस भित्र कमी छैन। होइन भने सीमित स्वार्थ र गुटगत अभीष्टका लागि पार्टी अनि सिङ्गो राष्ट्रलाई नै बन्धक बनाउने छुट नेपाली कांग्रेसको नेतृत्व वा पदाधिकारी कसैलाई छैन। पार्टी जीवन भनेको राष्ट्रको जीवन भन्दा माथि हुनै सक्दैन। गत असोज २८ गते सुरु भएको बैठक सुरुवातदेखि नै १५औँ महाधिवेशनको गोलचक्करमा फसिरहेको छ । यो महाधिवेशनको मितिलाई यसरी गोलमटोल र अलमलमा पारिएको छ कि नेपाली कांग्रेसका पदाधिकारीहरू पनि त्यसबाट बाहिर निस्किन सकिरहेका छैनन्।

यसबाट मात्रै पदाधिकारीहरूको केही तुष मेटिन सक्ला तर लाखौँ कार्यकर्ता र नेपाली कांग्रेसका करोडौँ शुभेच्छुकहरूलाई के जवाफ दिने ? उनीहरूको आशा, भरोस र आकाङ्क्षाहरू पार्टीका लागि केही होइनन् ? यसको जवाफ कसले दिने ? अहिलेको अवस्था, समय, काल परिस्थिति सबैले भनेको छ, महाधिवेशन तत्कालै आवश्यक छ। चाहे त्यो नियमित होस् वा विशेष।

महाधिवेशन तत्कालै आवश्यक छ। चुनावभन्दा अघि नै आवश्यक छ। किनकि पार्टीभित्रै मात्र होइन, भदौ २३ र २४ को जेनजी विद्रोहले समेत अस्वीकृत अनि अपदस्त गरिसकेको राजनीतिक नेतृत्व हो यो। फेरि त्यही कलङ्क पोतिएका अनुहारहरू लिएर कसरी ताजा जनमत माग्न जानू ?

राजनीतिभित्र मात्रै गुट, उपगुट अनि समूहका अभीष्टहरू मात्रै हुँदैनन्, त्यो भन्दा माथि अलिकति नैतिकता, केही आदर्श अनि सत्य स्विकार्न सक्ने क्षमता पनि हुन्छ। नेपाली कांग्रेसको नेतृत्व त्यो भन्दा माथि उठ्न सकोस् अनि यो राष्ट्रलाई निकासको एउटा बाटोसम्म डोऱ्याउन सकोस् । इतिहासले नेपाली कांग्रेसलाई सुम्पिन खोजेको अभिभारा पनि यही नै हो। यसबाट दायाँबायाँ गर्ने र लुकीछिपी गर्ने छुट हाल कसैलाई पनि छैन। यो नेतृत्वलाई त झन् छँदै छैन।रातोपाटी

# कांग्रेसको अधिवेशन विवाद र सम्भावित बाटो



देवकी गौतम

नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो र लोकतान्त्रिक मूल्यमा आधारित राजनीतिक दल हो। स्थापनाकालदेखि नै नेपाली कांग्रेस पार्टीले लोकतन्त्र, लोकतान्त्रिक मूल्य मान्यताको स्थापना, मानव अधिकार, र समावेशी शासन प्रणालीको पक्षमा लामो सङ्घर्ष गरेको छ। तर हालसालै पार्टीभित्र देखिएको महाधिवेशनको मिति र प्रक्रिया सम्बन्धी विवादले पार्टीलाई अनिर्णयको बन्दी बनाएको छ।

एकातिर युवा नेतृत्व निर्वाचन अघि अधिवेशन गरेर नयाँ जनादेशसहित अघि बढ्नुपर्ने पक्षमा छ भने अर्कोतर्फ संस्थापन पक्ष निर्वाचनपछि मात्र अधिवेशन गर्नुपर्ने अडानमा छ। विगतका महाधिवेशनहरूमा नेतृत्व परिवर्तन, नीति निर्माण र संगठन सुदृढीकरणका महत्त्वपूर्ण निर्णयहरू भएका छन्। तर पछिल्ला केही अधिवेशनहरूमा नेतृत्व परिवर्तन भन्दा संस्थापन पक्षको निरन्तरताले पार्टीभित्र असन्तुष्टि बढाएको छ।

### विवादको पृष्ठभूमि

नेपाली काँग्रेसको १५औँ महाधिवेशन कहिले गर्ने भन्ने विषयमा पार्टी भित्र गम्भीर मतभेद देखिएको छ। पार्टीको विधान अनुसार प्रत्येक चार वर्षमा पार्टीको महाधिवेशन हुनुपर्ने व्यवस्था छ। असोज १८ बाट सुरु भएको केन्द्रीय समितिको बैठक सकिने कुनै छाँटकाट छैन। तर हाल नेतृत्वले कार्यकाल थप गरेर अधिवेशनलाई पछि सार्ने प्रयास गरेको छ।

युवा नेता तथा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालगायतका नेताहरू निर्वाचन अघि पार्टीको आन्तरिक अधिवेशन गर्नुपर्ने पक्षमा छन्। तर, संस्थापन पक्ष भने पार्टीको विधानले दिएको सुविधा अनुसार कार्यकाल थप गर्दै निर्वाचनपछि मात्र अधिवेशन गर्नुपर्ने अडानमा उभिएको छ। यस्तो द्वन्द्वले पार्टीको आन्तरिक एकता, जनविश्वास र आगामी निर्वाचनमा प्रभाव पार्न सक्ने कुरा यत्र-तत्र चर्चा छ।

### वर्तमान खिचातानीका असरहरू

हामीले भुल्न हुँदैन, नेपालका हरेक राजनीतिक परिवर्तनमा आफूलाई सुझबुझका साथ प्रस्तुत गर्ने दल हो- नेपाली कांग्रेस। वर्तमान सङ्क्रमणकालीन राजनीतिक परिवेशको निकास दिनुपर्ने कांग्रेसको करिब-करिब एक महिनादेखि सुरु भएको केन्द्रीय कार्य समितिको बैठक समापन नहुनु र पटक-पटक बैठक स्थगित गरेको सूचना टाँस गरेर पार्टीलाई अनिर्णयको बन्दी बनाउन कुनै पनि सिद्धान्तले दिँदैन।

युवा पुस्ताले आँखा मिलिक्क गर्दा देशले यत्रो परिवर्तनको मूल्य चुकाउनु पऱ्यो। तर हरेक परिवर्तनको भारी बोक्नु पर्ने कांग्रेस आफ्नो आन्तरिक बैठकमा महिनौँ समय खेर फालेर रुमल्लिई रहेको कुराको चौतर्फी निन्दा भइरहेको छ। देशभरका लगभग ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर केन्द्रीय समितिलाई ज्ञापन पत्र बुझाए पनि नियमित वा विशेष महाधिवेशनको मिति तय नहुँदा पार्टीको निर्णय क्षमता कमजोर भएको प्रस्टै देखिएको छ।

यसले राष्ट्रिय राजनीतिमा कांग्रेसको प्रभाव घटाएको छ। आम नागरिकले बाहिरबाट हेर्दा नेपाली कांग्रेस राजनीतिक अनिर्णयको चौघेरामा रुमल्लिएको देखिन थालिएको छ। आन्तरिक विवाद र नेतृत्वको अस्पष्टताले मतदातामा निराशा बढाएको छ। आम जनताको कांग्रेसप्रतिको विश्वासमा गिरावट आएको छ।

त्यति मात्र होइन ऐतिहासिक परिवर्तनमा जेल-नेल बेहोरेका अग्रज नेताहरूप्रति लक्षित व्यङ्ग्य बाण र युवा नेतृत्वलाई गरिएको आन्तरिक प्रहार सतहमा छताछुल्ल छ। यो दुवै आत्मघाती हो। परिवर्तनको पक्षमा उभिएका युवा नेताहरूको ऊर्जा र उत्साह दबिएको छ, उनीहरू हतोत्साहित बनेका छन्, जसले दीर्घकालीन रूपमा पार्टीलाई कमजोर बनाउन पनि सक्छ।

### जेनजी आन्दोलन र नेतृत्व हस्तान्तरण

देश आफ्नो गतिमा दौडिरहेको थियो। हरेक दलका केन्द्रीय नेताहरू मनमगनको अवस्थामा थिए। दोस्रो पुस्ताका कार्यकर्ता वा आम जनताको खबरदारीलाई पार्टी नेतृत्वले नजरअन्दाज गरिरहेको थियो। तर अचानक बिजुली चम्केको गतिमा भदौ २३-२४ को घटना भयो। जेनजी आन्दोलनले पार्टीभित्र नेतृत्व परिवर्तनको मागलाई थप बल दियो।

आन्दोलनले युवा पुस्ताको असन्तुष्टि र परिवर्तनको चाहनालाई उजागर गर्दागर्दै पनि पार्टी संस्थापन पक्षले त्यसमा यथोचित ध्यान दिन सकेन। संस्कृतमा एउटा श्लोक छ-

*नवार्क पुरतः स्फुरति नवं चन्द्रोदय शुभ*
*तथैव नव युवानेषु देशो भवति तेजस्वी !*

अर्थात् जसरी नयाँ सूर्य वा नयाँ चन्द्र उदाउँदा संसारमा उज्यालो फैलन्छ, त्यसरी नै जब नयाँ युवाहरू नेतृत्वमा आउँछन् देश तेजस्वी र प्रगतिशील बन्छ।पक्कै पनि वर्षौंसम्म पटक-पटक नेतृत्व प्रदान गर्दै आइरहेका व्यक्तिले भन्दा नयाँ जोस र नयाँ जागरको साथ नेतृत्व लिने युवाहरूले नयाँ सोचलाई कार्यान्वयनको तहमा सजिलै पुऱ्याउन सक्छन्। वर्तमान राजनीतिक परिदृश्यमा जनताले नयाँ सोच, नयाँ दृष्टिकोण र युग सुहाउने नयाँ नेतृत्व खोजिरहेका छन्। अधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेर कांग्रेसले जनताको त्यो अपेक्षालाई सम्बोधन गर्न सक्छ। अधिवेशनले युवा र अनुभवी नेताहरूबिच सन्तुलन कायम गर्दै पार्टीलाई सशक्त बनाउन सक्छ, जसको फाइदा प्रत्यक्ष रूपमा फेरि कांग्रेसलाई नै जान्छ।

### निर्वाचन रणनीति

*प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्*
*नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम*

महाभारतमा एउटा श्लोक छ, जसको अर्थ राजनीति वा शासनको अन्तिम लक्ष्य जनता हुन्, राजा वा नेता होइन भनिएको छ। नागरिकको हितमै उसको हित र नागरिकको सुखमै नेतृत्वको सुख निहित हुन्छ। आफ्नो व्यक्तिगत स्वार्थ भन्दा जनताका लागी प्रिय र हितकारी कुरा नै साँचो कल्याण हुन्छ।

राजनीतिक नेतृत्वले जताबाट कान समाते पनि आखिरमा उसको अन्तिम गन्तव्य जनता माझ गएर आफ्नो एजेन्डा प्रस्तुत गर्ने र जनमतमार्फत नेतृत्व अनुमोदन हुनु हो। यसो हो भने फेरि नेपाली काँग्रेसलाई यथास्थितिमा राखेर निर्वाचनमा जनतामाझ जाँदा जनमत प्राप्त गर्न सहज हुन्छ वा अधिवेशनमार्फत नेतृत्व हस्तान्तरण गरेर जाँदा सहज हुन्छ ? भन्ने सामान्य प्रश्न हो।

हामीलाई विश्वास छ, केन्द्रीय सदस्यहरूले आफ्नो विवेक बन्धक राख्नु भएको छैन। विवेक जिउँदै छ भने एक पटक ध्यानाकर्षण गराउन चाहन्छु- पार्टीको आन्तरिक विवाद र विभिन्न मुद्दाहरुमा नेतृत्वको अस्पष्टताले मतदातामा निराशा बढाएको छ। अधिवेशनपछि नयाँ नेतृत्वसहित निर्वाचनमा जानु पार्टीको ऊर्जा पुनः स्थापित गर्ने सरल उपाय हुन सक्छ।

बदलिँदो राजनीतिक परिवर्तनलाई आत्मसाथ गर्दै महाधिवेशनको मिति, प्रक्रिया र तयारीको स्पष्ट कार्यतालिका सार्वजनिक गरेर कार्यकर्तामा विश्वास जगाउन सकिन्छ। संविधानको पालना गर्दै निर्वाचनमा जाँदा पार्टीको विधानअनुसार प्रक्रिया अघि बढाएर अधिवेशन गरेर विधिको शासनमा विश्वास कायम गर्न गराउन सकिन्छ।

जनतामा नयाँ आशा र विश्वास जगाउन सकिन्छ। निर्वाचन अघिको अधिवेशनले नयाँ जनादेशको आवश्यकतालाई हृदयमा राखी कार्य सम्पादन गर्ने जनविश्वास छ। वर्तमान राजनीतिक परिदृश्यमा जनताले नयाँ सोच, दृष्टिकोण र नेतृत्व खोजिरहेका छन्। अधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेर नेपाली काँग्रेसले जनताको अपेक्षा सम्बोधन गर्न सक्छ।

### नेतृत्व हस्तान्तरणको उदाहरण

हामीलाई थाहा छ नेतृत्व हस्तान्तरण सहजै र सरल प्रक्रियाबाट हुँदैनन्। तर विश्व राजनीति हेर्न हो भने नेतृत्व हस्तान्तरणका केही महत्त्वपूर्ण उदाहरण छन्। फ्रान्सका राष्ट्रपति फ्राँस्वा मिटराँ थिए। उनी सोसलिस्ट पार्टीका प्रभावशाली नेता थिए, जसले फ्रान्समा सामाजिक न्याय, श्रमिक अधिकार र युरोपेली एकताको पक्षमा काम गरे। उनकै कार्यकालमा पार्टीभित्र युवालाई अवसर दिने नीति ल्याइयो। मिटराँले एमानुएल म्याक्रोनलाई नेतृत्व हस्तान्तरण गरेँ। म्याक्रोनले ३९ वर्षको उमेरमा फ्रान्सको राष्ट्रपति पद सम्हाल्दै इतिहासकै युवा राष्ट्रपति बने।

विश्व राजनितीमा हामी सबैले सुनेको चर्चित नाम हो- नेल्सन मण्डेला। मण्डेला दक्षिण अफ्रिकाको पहिलो अश्वेत राष्ट्रपति थिए। जसले रङ्गभेद अन्त्यपछि लोकतान्त्रिक निर्वाचनमार्फत सत्ता सम्हाले। उनले २७ वर्ष जेल जीवन बिताएपछि राष्ट्रिय मेलमिलाप, सहिष्णुता र लोकतन्त्रको आधारमा देशको नेतृत्व गरे। मण्डेलाले सन् १९९९ मा स्वेच्छाले राष्ट्रपति पदबाट राजीनामा दिएर थाबो मबेकीलाई आफ्नो उत्तराधिकारीको रूपमा नेतृत्व हस्तान्तरण गरे।

पूर्वीय दर्शक र हाम्रो धर्मशास्त्र अनुसार हेर्ने हो भने राजा रामले वनवास जानु पूर्व आफ्नो भाइ भरतलाई राज्यको उत्तराधिकारी प्रदान गरे। यो बदलिँदो परिवेशमा पनि ठुलो छाती गरेर नेपाली काँग्रेसका नेताहरूले सङ्क्रमणबाट देशलाई पार लगाउन स्वतःस्फूर्त रूपमा युवालाई नेतृत्व हस्तान्तरण गर्नु उपयुक्त हुन्छ।

### सम्भावित उपायहरू

हामीलाई थाहा छ राजनीतिक नेतृत्व हस्तान्तरण भनेको छाडेर जानेहरूका लागि पक्कै सहज हुँदैन। नेपाली काँग्रेसको १५औँ महाधिवेशन नेतृत्व हस्तान्तरण मात्र नभई यो काँग्रेस भित्रको लामो समयदेखि प्रश्न उठेको पुस्तान्तरणको बहसलाई सार्थक तुल्याउन कोशेढुङ्गा साबित हुनेछ।

यो संसारमा यस्तो कुनै जडीबुटी हुँदैन, जसबाट औषधि नबनोस्। र, यस्तो कुनै कठिन समय हुँदैन, जसको समाधान नहोस्। काँग्रेस भित्रको नेतृत्व हस्तान्तरणको वर्तमान किचलोलाई समाधान गर्न सल्लाहकार समिति गठन गर्नु नै अचुक उपाय हुन सक्छ। यसबाट अग्रज नेताहरूको साख पनि जोगिन्छ र उहाँहरूको मानमर्दन पनि हुँदैन। यसबाट जेनजी आन्दोलनको भावनाको पनि कदर हुन्छ।

पुरानो अनुभव र नयाँ जोसको मिलनले मात्र संगठन वा राष्ट्र बलियो हुन्छ। अग्रज नेताहरूले यहाँसम्मको यात्रामा नेपाललाई र नेपाली काँग्रेसलाई जसरी डोऱ्याएर ल्याउनु भयो त्यसप्रति कृतज्ञता व्यक्त गर्दै रुखको पुराना पातलाई उचित संरक्षण गर्नु र नयाँ पालुवालाई अघि बढ्न दिनु नै अहिलेको उपयुक्त विकल्प हो।

काँग्रेस अहिले सङ्क्रमणकालीन मोडमा छ। कांग्रेस मात्र होइन देश नै सङ्क्रमणकालमा छ। यस्तो अवस्थामा कांग्रेसको आन्तरिक विवादलाई समाधान नगरी निर्वाचनमा जानु आत्मघाती हुन सक्छ। त्यसैले अग्रज नेताहरूको सल्लाहकार समितिमार्फत व्यवस्थापन गरेर सहमति निर्माण गर्दै अधिवेशनमार्फत युवा नेतृत्वलाई अघि सारेर निर्वाचनमा जानु पार्टीको दीर्घकालीन हितमा हुनेछ।

यसले न केवल पार्टी भित्रको ऊर्जा पुनर्स्थापित गर्नेछ जनतामा पनि कांग्रेसप्रति उत्साह, आशा र विश्वास जगाउनेछ।रातोपाटी

# समृद्धिको अभिभारा नेपाली कम्युनिष्ट पार्टीले पूरा गर्नुपर्छ : नेता रावल



काठमाण्डु । मातृभूमि जागरण अभियान, नेपाल प्रस्तावक डा भीम रावलले मुलुकलाई आर्थिक सामाजिक रूपमा समृद्धि बनाउने अभिभारा नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले पूरा गर्नुपर्ने बताउनुभएको छ । आफू नेतृत्वको जागरण अभियान र नेपाली कम्युनिष्ट पार्टी बीचको एकता घोषणासभालाई मंगलबार सम्बोधन गर्दै उहाँले राष्ट्रिय सुरक्षा, रोजगारी सिर्जना र समृद्धिको ढोका उघार्ने जिम्मेवारी यसै पार्टीको भएको बताउनुभयो ।

"नेपालमा अपार सम्पदा छन्, त्यसमा नेपालीको हकअधिकार स्थापित गर्दै समृद्धिको रेखा कोर्नुपर्छ", प्रस्तावक रावलले भन्नुभयो, "देशको रक्षा, जनताको सुरक्षा पहिलो कर्तव्य हुनुपर्छ, यस पार्टीले राष्ट्रिय सुरक्षा नीति ल्याउनुपर्छ, यसबाट हाम्रो सीमानाको रक्षा गर्नुपर्छ । सरकारी र निजी सम्पत्ति अब जल्ने छैन भन्ने विश्वास दिलाउन सक्नुपर्छ ।" नेपाली कम्युनिष्ट पार्टीका नेत्री पम्फा भुसालले मुलुकको आर्थिक सामाजिक रूपान्तरणसँगै क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई एकीकृत गरेर समाजवादी क्रान्तिको नेतृत्व गर्ने अभिभारा पनि नेकपाको काँधमा आएको बताउनुभयो । "केही दिनअघि १० कम्युनिष्ट घटक, आज मातृभूमि जागरण अभियानलगायत वाम पार्टीसँग एकता भएको छ, अब कम्युनिष्ट ध्रुवीकरणले निरन्तरता लिनेछ", उहाँले भन्नुभयो, "जबसम्म एउटै कम्युनिष्ट पार्टी बन्दैन, त्यति बेलासम्म एकता प्रक्रिया अघि बढिरहनेछ ।"

नेकपाको नेतृत्वमा देशका चुनौती समाधान, जनताको आवश्यकता पूरा र राष्ट्रिय स्वाधिनताको संरक्षण गर्ने महाअभियान सुरु भएको उद्घोष गर्दै उहाँले एकता अभियानलाई सफल बनाएरै छाडिने दृढता व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य प्रकाशबहादुर शाहले मुलुकका अगाडि देखिएका समस्या समाधान गर्न क्रान्तिकारी कम्युनिष्टहरू एकताबद्ध हुनुपर्छ भन्ने भावनाका साथ आफू नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएको बताउनुभयो । "एमालेले नेकपाका संस्थापक महासचिव पुष्पलालको विरासत थाम्न सकेन, जनजनेता मदन भण्डारीको पनि पार्टी हुन सकेन", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी श्रमजीवीका महासचिव प्रमोदनारायण यादवले नेपाली कम्युनिष्ट पार्टीको एकता अभियानलाई जनस्तरमा लैजाने प्रतिबद्धता व्यक्त गर्दै जनजीविकाको सम्बोधन यस पार्टीबाट मात्र सम्भव रहेको बताउनुभयो ।

**मातृभूमि जागरण अभियानका संयोजक डा रावललाई नेकपामा स्वागत**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र मातृभूमि जागरण अभियान, नेपालबीच सङ्गठनात्मक एकता घोषणा भएको छ । राष्ट्रियसभा गृहमा बुधबार आयोजित कार्यक्रममा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालले अभियानका संयोजक भीम रावललाई खादा र माला लगाएर पार्टीमा स्वागत गर्नुभयो ।

कार्यक्रममा प्रमोदनारायण यादव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी श्रमजीवी पनि नेकपामै समाहित भएको छ । सो क्रममा नेकपा एमालेका केन्द्रीय सदस्य प्रकाशबहादुर शाहले बताए । रासस

# जेनजी युवाको अभिभावक नै नेपाली कम्युनिष्ट पार्टी हो: संयोजक दाहाल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने माग राख्ने जेनजी युवाको अभिभावक नै नेकपा भएको बताउनुभएको छ ।

नेकपा र मातृभूमि जागरण अभियान नेपालबीचको एकता घोषणा सभालाई बुधबार सम्बोधन गर्दै उहाँले आसन्न महाविशेन र निर्वाचनमा



"जेनजी युवाको अभिभावक नै नेपाली कम्युनिष्ट पार्टी हो । जेनजी पुस्ताले उठाएको भ्रष्टाचारको अन्त्य र सुशासनको मागलाई हामीले नै पहिलो पटक समर्थन गर्‍यौं", संयोजक दाहालले भन्नुभयो, "जेनजीको भावना बुझ्ने पार्टी र अर्को पार्टी एकै हुन सक्दैन, महाधिवेशन जाँदा सम्पूर्ण कमिटीमा जेनजी युवाको प्रतिनिधित्व गराउछौँ, बढीभन्दा बढी युवालाई निर्वाचनमा उम्मेदवार बनाउछौँ ।"

कुनै आग्रह र पूर्वाग्रहबिना यो पार्टीलाई क्रान्तिकारी र जनताको भरोसायोग्य साथी बनाइने उल्लेख गर्दै संयोजक दाहालले आगमी निर्वाचनमार्फत नेकपाले नै मुलुकको नेतृत्व गर्ने दाबी गर्नुभयो । क्रान्तिकारी कम्युनिष्ट ध्रुवीकरणको क्रम सुरु भएको जानकारी दिँदै उहाँले आगामी दिनमा इमान्दार वामपन्थी नेता कार्यकर्ता नेकपामा समाहित हुने दाबी गर्नुभयो ।रासस

# राजनीतिभित्रको दलालीकरण र भ्रष्टीकरण अन्त्य गर्नु पहिलो कर्तव्य हो: सहसंयोजक नेपाल



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले राजनीतिक क्षेत्रमा देखिएको अपराधीकण, व्यापारीकरण, दलालीकरण, ठेकेदारीकण र भ्रष्टीकरणको समस्या सुधार्नु राजनीतिको पहिलो कर्तव्य भएको बताउनुभएको छ । नेकपा र मातृभूमि जागरण अभियान नेपालबीचको सङ्गठनात्मक एकीकरणसभालाई बुधबार सम्बोधन गदै उहाँले देशमा सुधार ल्याउने हुटहुटी पूरा गर्न आवश्यक सङ्कल्प लिएर अघि बढ्नुपर्ने बताउनुभयो ।

सहसंयोजक नेपालले राजनीतिप्रति देखिएको जनताको वितृष्णाका बारेमा समीक्षा गर्नुपर्नेमा जोड दिँदै पार्टी र नेता तथा कार्यकर्ताभित्र झाङ्गिएको विकृति र विसङ्गति सुधार गरेर जानुपर्ने बताउनुभयो । "विगत विर्सियौँ भने पूरानै अवस्था दोहोरिन बेर लाग्दैन", उहाँले भन्नुभयो । नयाँ क्रान्तिकारी सङ्कल्प बोकेको पार्टी निर्माण गर्ने अभियान सुरु भएको जानकारी दिँदै उहाँले आफूभित्रको कमजोरी सुधार्ने प्रतिबद्धता अहिलेको आवश्यकता भएको बताउनुभयो ।

"नेकपालाई क्रान्तिकारी चरित्र, देश र जनताप्रति इमान्दार र समर्पित भएका योद्धाको पार्टी बनाउनुपर्छ", सहसंयोजक नेपालले भन्नुभयो, "परिवर्तन यत्तिकै हुनेवाला छैन, यो आफैँबाट सुरु गर्नुपर्छ । अनेक खालका भड्काउबाट मुक्त हुनुपर्छ । जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ ।" पार्टीभित्रको अनुशासन अत्यन्त महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले आफूलाई लागेका कुरा कमिटीमा राख्नुपर्ने बताउनुभयो ।

जेनजी पुस्ताले व्यवस्था परिवर्तन नभई अवस्था परिवर्तनको माग उठाएको जनाउँदै उहाँले यस पार्टीले मात्रै जेनजीको आशा र भरोसा पूरा गर्ने दाबी गर्नुभयो । "जनताको अवस्थामा परिवर्तन गर्नुपर्नेछ । जनताको पीडा वेदना र युवाको आवश्यकता सम्बोध गर्ने नीति लिनुपर्छ, नेपाली विशेषतको वैज्ञानिक समाजवादको कार्यक्रम अघि सार्नुपर्छ", सहसंयोजक नेपालले भन्नुभयो ।रासस

# नागरिक हितार्थ तीन तहका सरकारको समन्वय र सहकार्य अपरिहार्य छ : मुख्यमन्त्री कँडेल

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले नागरिक हितका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य अपरिहार्य भएको बताउनुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतको आयोजनामा बुधबारदेखि वीरेन्द्रनगरमा सञ्चालन भएको ' प्रदेश तथा स्थानीय तहबीच अन्तरसरकार सम्बन्धका सवालमा छलफल तथा अन्तर्क्रिया' को समापन समारोहमा मुख्यमन्त्री यामलाल कँडेलले विकास निर्माण तथा सेवा प्रवाहमा तीनै तहका सरकारहरूको सहकार्य र समन्वयको अभावले नागरिक असन्तुष्टि बढ्दै गएको बताउनुभयो ।

दोहोरोपन, अधुरा काम र गुणस्तरहीन विकासबाट जोगिन सहकार्यको आवश्यकता रहेको बताउँदै उहाँले भन्नुभयो, "भूगोल सबैको एउटै हो । त्यसैले विकास निर्माणमा सहकार्य र समन्वय हुन सकेमात्र जनताले प्रत्यक्ष लाभ पाउँछन् । अहिलेको परिवर्तित अवस्थामा जननिर्वाचित निकाय प्रदेश र स्थानीय तहबीचको सम्बन्ध अझ सुदृढ गर्दै जानुपर्छ ।"

आन्दोलनपछि बनेको गैरदलीय सरकारले प्रदेश र स्थानीय तहलाई आफ्नो युनिट हो कि जस्तो गरी गरेको पत्राचार तथा व्यवहारमा पछिल्लो समय सुधार भएको उहाँको भनाइ थियो । दलको विश्वसनीयता पुनःस्थापना गर्न जनताको समर्थन पाउनेगरी काम गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो । मुख्यमन्त्री कँडेलले



भन्नुभयो, "जनताको विश्वास जित्ने गरी काम गर्न सकेमात्र राजनीति बलियो हुन्छ । हामी आफ्नो आम्दानी बढाउने गरी गच्छेअनुसारको सरकार चलाउने व्यवस्थामा छौँ ।"

प्रदेश र स्थानीय दुवै सरकारको विकास र जनसेवा गर्ने उद्देश्य भएकाले प्रतिस्पर्धा होइन नभई सहकार्यबाट मात्र कर्णालीको विकास सम्भव हुने मुख्यमन्त्री कँडेलको भनाइ थियो ।रासस

# 'ग्लोबल आइसिटी लिडरसिप फोरम' नेपालका लागि उपलब्धिमूलक भयो : सञ्चारमन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'ग्लोबल आइसिटी लिडरसिप फोरम' नेपालका लागि उपलब्धिमूलक रहेको बताउनुभएको छ ।

गणतन्त्र कोरियाको सिओलमा बुधबार आयोजित ११ औँ 'ग्लोबल आइसिटी लिडरसिप फोरम' लाई सम्बोधन गर्दै उहाँले डिजिटल नेपाल र डिजिटल ट्रान्सफरमेसनका लागि लिडर्सिप फोरम उपलब्धिपूर्ण र फलदायी भएको उल्लेख गनुभयो ।

उहाँले भन्नुभयो, "डिजिलट लिडर्सिप फोरम एकदमै उपलब्धिपूर्ण र सफल भएको छ, यसले आगामी दिनमा डिजिटल नेपालको अवधारणामा आधारित भएर डिजिटल नेपालको रूपमा अगाडि बढाउन तथा एआईमैत्री नेपाल बनाउन फोरम फलदायी भएको छ ।"

सञ्चारमन्त्री खरेलले नेपालले डिजिटल तथा एआई ट्रान्सफर मेसनसम्बन्धी नीति बनाएर संरचनागतरूपमा काम अगाडि बढाएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालले विशेषगरी डिजिटल तथा एआई ट्रान्सफर मेसनको सन्दर्भमा एआई नीति बनाएको छ । राष्ट्रिय एआई केन्द्र सञ्चालनमा आएको तथा एआई काउन्सिल पनि गठन गरिरहेको छ । डिजिटल नेपालको रोडम्यापको




मस्यौदा तयार गरिएको जानकारी फोरमलाई गराइएको छ ।"

सञ्चारमन्त्री खरेलले कोरियन सरकार, विश्व बैंकलगायत अन्य विभिन्न साझेदार संस्थाहरूसँग नेपाल सरकारको तर्फबाट आगामी दिनमा सहकार्य गर्ने प्रस्ताव फोरममा राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार विशेषगरी कोरियन सरकार र विश्व बैंकलगायत साझेदार संस्थाको तर्फबाट पनि नेपाल सरकारसँग डिजिटल र एआई ट्रान्सफरमेसनको लागि आगामी दिनमा सहकार्य र साझेदारिताका साथ अघि बढ्ने समझदारी बनेको छ ।

सञ्चारमन्त्री खरेलले भन्नुभयो, "डिजिटल र एआई विषयमा साझेदारी भन्नाले विभिन्न आर्थिक साझेदारी क्षमता अभिवृद्धि गर्न, 'एक्सपोजर भिजिट', 'ज्ञान आदानप्रदान' लगायतका विषयमा आगामी दिनमा साझेदारी गर्ने र नेपाललाई सहयोग गर्ने कुराकानी भएको छ ।"

समूहगत सत्रको छलफलमा पनि सञ्चारमन्त्री खरेलले नेपालको प्राथमिकता, साझेदार संस्थासँगको सहकार्य एवं साझेदारिताका विषयमा धारणा राख्नुभएको थियो । त्यसक्रममा कोरिया सरकार र त्यहाँको नेशनल इनफर्मेशन सोसाइटी एजेन्सी (एनआइए)बीच पनि आपसी सहकार्य र सझेदारीताका विषयमा परामर्श भएको थियो ।

फोरममा दक्षिण कोरिया लागि नेपालका राजदूत डा शिवमाया तुम्बाहाम्फेलगायत सहभागी हुनुहुन्थ्यो । फोरममा सहभागी हुन सञ्चारमन्त्री खरेल मङ्गलबार कोरिया जानुभएको थियो । कोरियाको विज्ञान र आइसिटी (एमएसआइटी) मन्त्रालय तथा नेशनल इनफर्मेशन सोसाइटी एजेन्सी (एनआइए) सँगको संयुक्त आयोजनामा सिओलमा आइसिटी लिडरसिप फोरम आयोजना गरिएको हो ।

सञ्चारमन्त्री खरेलका साथमा उहाँका स्वकीय सचिव उद्धव भट्टराई पनि कोरिया जानुभएको छ । फोरममा डिजिटल र एआई ट्रान्सफर्मेसन : स्ट्राटिजिस एन्ड च्यालेन्ज र ग्लोवल कोअपरेशन फर सस्टेनेवल डिजिटल फ्युचर विषयमा दुई सत्रहरू सञ्चालन भएका छन् ।

डिजिटल र एआई ट्रान्सफर्मेसन : एसडिजीहरू र दिगो विश्वव्यापी भविष्य हासिल गर्ने विषयअन्तर्गत फोरममा 'एचिभिङ द एसडीजी एन्ड ए फ्युचर' विषयक फोरममा नेपालसहित विभिन्न देशका मन्त्री, प्रधानमन्त्रीका विज्ञ सल्लाहकार, सरकारी प्रतिनिधि तथा एसिया प्रसान्तका लागि संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक आयोग र अन्य अन्तरराष्ट्रिय संस्थाहरू पनि सहभागिता रहेको छ । मन्त्री खरेल यही कात्तिक २९ गते स्वदेश फर्कनुहुनेछ ।रासस

# नेपाली कम्युनिष्ट पार्टी र मातृभूमि जागरण अभियानका बीच एकता

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी र मातृभूमि जागरण अभियान, नेपालबीच सशक्त र सुदृढ पार्टी निर्माण गर्न सङ्गठनात्मक एकीकरण गर्ने सहमति भएको छ ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाल तथा जागरण अभियानका प्रस्तावक भीम रावलबीच बुधबार पार्टी एकता गर्नेसम्बन्धी सातबुँदे सहमति भएको हो । सहमतिसँगै काठमाडौँको



राष्ट्रियसभा गृहमा पार्टी एकता घोषणा सभा सुरु भएको छ ।

जनताको हित, राष्ट्रिय सार्वभौमिकता, एकता, स्वाधीनता, अखण्डता, स्वाभिमान तथा आत्मनिर्णयको अधिकारलाई अक्षुण्ण राख्दै बाह्य हस्तक्षेप र दबाबबाट मुक्त राजनीति, राष्ट्रिय अर्थतन्त्र एवं संस्कृक्तिको मार्गमा अग्रसर रहने दुई पार्टीबीच सहमति भएको छ ।


यस्तै समाजवाद एवं सामाजिक न्यायको मान्यतामा आधारित आर्थिक-सामाजिक रुपान्तरण र समृद्धिको लागि कटिबद्ध रहने, आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने सहमति पत्रमा उल्लेख छ । महाधिवेशनको मिति र स्थान सचिवालयले यथाशीघ्र निर्धारण गर्ने, सबै तहमा र मातृभूमि जागरण अभियान, नेपालअन्तर्गत विभिन्न तहमा क्रियाशील व्यक्तिहरुलाई नेपाली कम्युनिष्ट पार्टीको सोही तहमा पारस्परिक सहमतिले समायोजन गर्ने सहमति भएको छ ।

यस्तै पार्टी विधान, राजनीतिक प्रतिवेदन र कार्यक्रमलगायतका दस्तावेजहरु आपसमा मिलेर तयार गर्ने, पार्टीको सञ्चालन विधान, विधि पद्धति र लोकतान्त्रिक मान्यताको आधारमा गरिने, सामूहिक नेतृत्व र जनवादी केन्द्रीयताको अनुशरण गरिने तथा पार्टी एकीकरणको लागि विभिन्न तहमा आवश्यकता अनुसार कार्यदल गठन गरिने सहमति पत्रमा उल्लेख छ ।नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीबाट निष्काषित गरेपछि रावलले मातृभूमि जागरण अभियान सञ्चालन गर्दैछ । रासस

# प्रदेश प्रमुख खापुङ समक्ष निर्वाचन आयोगको प्रतिवेदन पेस

मोरङ । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ्ग समक्ष बुधबार निर्वाचन आयोगले आफ्नो १९ औँ वार्षिक प्रतिवेदन पेस गरेको छ ।

प्रदेश प्रमुख खापुङ्गलाई आयोगका कोशी प्रदेश कार्यालयका प्रदेश निर्वाचन कार्यालयका प्रमुख युवराज गुरागाईले प्रमुखको कार्यालय विराटनगरमा नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बुझाउनु



भयो । प्रमुख खापुङ्गले प्रतिवेदन ग्रहण गर्दै आगामी फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आयोगको काँधमा महत्वपूर्ण जिम्मेवारी रहेको बताउनुभयो ।उहाँले सम्पूर्ण नेपाली जनतलाई सर्वभौम सत्ताको मालिक र राजकीय सत्ताको अधिकारी निर्वाचनको माध्यमबाट प्रयोग गर्न मतदाता नामावली नाम दर्ता गर्न आग्रह गर्नुभयो ।

प्रदेश प्रमुख खापुङ्गले जनताले विवेकपूर्ण रुपमा निर्वाचनमा मतदान गरी लोकतन्त्र र प्रजातन्त्रलाई बलियो बनाई मुलुकमा समृद्ध कायम गर्नुपर्नेमा जोड दिनुभयो । आयोगका निर्वाचन कार्यालयका प्रमुख गुरागाईले गत आर्थिक वर्षमा आयोगमा १२२ वटा दर्ता भएको र सोही अवधिमा कोशी प्रदेशमा ३४ लाख ३३ हजार ९ सय मतदाता रहेको जानकारी दिनुभयो ।रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२।०७।२७

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) |
|---|---|---|---|---|
| 1. | 07/10/2025 | MIHS/NCB/WORKS/2082-083/5, The Construction Of PICU Bhawanko Dosro Tallako Adhuro Kam | Sakshi Nirman Sewa And Consultancy,Loharpatti Na.Pa-4, Mahottari | 1609280.78 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)

# दिल्ली विस्फोटपछि काश्मीरमा प्रहरीको कडाइ, धेरै सन्दिग्ध हिरासतमा



एपी

श्रीनगर ।भारतीय सुरक्षा निकायहरूले यस हप्ता नयाँदिल्लीमा भएको घातक कार विस्फोटको अनुसन्धानको सिलसिलामा विवादित काश्मीर क्षेत्रमा व्यापक छापा मार्दै धेरै सन्दिग्धलाई हिरासतमा लिएको अधिकारीहरूले बुधबार जनाएका छन् ।

सोमबार राजधानी नयाँदिल्लीको ऐतिहासिक लाल किल्ला नजिकै भएको उक्त विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु भएको थियो र दर्जनौँ घाइते भएका थिए । अधिकारीहरूले मङ्गलबार यस घटनालाई सम्भावित आतङ्कवादी गतिविधिका रूपमा अनुसन्धान भइरहेको पुष्टि गरेका छन्, जसअनुसार अनुसन्धानकर्ताहरूलाई व्यक्तिहरूलाई पक्राउ गर्न वा हिरासतमा लिन विशेष कानूनी अधिकार प्राप्त हुन्छ ।

१७औँ शताब्दीमा निर्माण गरिएको लाल किल्ला भारतको प्रमुख ऐतिहासिक र सांस्कृतिक प्रतीक हो । यहाँ प्रत्येक वर्ष अगस्ट १५ का दिन प्रधानमन्त्रीहरूले स्वतन्त्रता दिवसको सम्बोधन गर्ने परम्परा छ ।यदि यो विस्फोट जानाजानी गरिएको आक्रमण भएको प्रमाणित भयो भने यो सन् २०११ पछि भारतको राजधानीमा भएको सबैभन्दा घातक घटना हुनेछ ।काश्मीरको दक्षिणी पुलवामा जिल्लामा मङ्गलबार राति गरिएको शृ‍ृ लाबद्ध छापामा कम्तीमा पाँच व्यक्तिलाई सोधपुछका लागि हिरासतमा लिइएको प्रहरीले जनाएको छ ।

अधिकारिहरूका अनुसार सोमबारको विस्फोट त्यसअघि केही घण्टा मात्र अघि भारतीय नियन्त्रित काश्मीरमा प्रहरीले नयाँदिल्ली बाहिरी क्षेत्र फरीदाबादमा सञ्चालन भइरहेको सन्दिग्ध आतङ्कवादी सेललाई ध्वस्त पारेको घोषणा गरेपछि भएको हो । फरीदाबादमा दुई चिकित्सकसहित कम्तीमा सात जनालाई पक्राउ गरिएको थियो । प्रहरीले ठूलो मात्रामा हतियार र बम बनाउने सामग्री जफत गरेको बताइएको छ ।

भारतीय समाचार संस्थाहरूका अनुसार दिल्ली विस्फोट उक्त सेलसँग प्रत्यक्ष रूपमा जोडिएको हुन सक्ने आशङ्का गरिएको छ । तर प्रहरी निकायहरूले चलिरहेको अनुसन्धानलाई कारण देखाउँदै यस विषयमा औपचारिक टिप्पणी गर्न अस्वीकार गरेका छन् ।मुद्दासँग

> दिल्ली प्रहरीका प्रवक्ता सञ्जय त्यागीले अनुसन्धानकर्ताहरूले “आतङ्कवादी आक्रमण, आकस्मिक विस्फोट वा कारमा भएको यान्त्रिक विफलता जस्ता सबै कोणबाट अनुसन्धान गरिरहेको” जानकारी दिनुभयो ।

परिचित चार काश्मीरी प्रहरी अधिकारीले नाम नखुलाउने सर्तमा बताएका अनुसार यो अनुसन्धान अक्टोबर १९ मा श्रीनगर वरपर भारतविरोधी पोस्टरहरू देखिएपछि सुरु भएको थियो । ती पोस्टरहरूले काश्मीरमा तैनाथ भारतीय सैनिकहरूमाथि आक्रमण गर्ने धम्की दिएका थिए ।

अधिकारीहरूले सिसिटिभी फुटेजको सहयोगमा सन्दिग्धहरूको पहिचान गरिएको र सुरुमा कम्तीमा तीन जनालाई पक्राउ गरिएको जानकारी दिएका छन् । पछिल्लो तीन हप्तामा सोधपुछका क्रममा भारतका दुई सहरमा कार्यरत दुई काश्मीरी चिकित्सक र अन्य दुई स्थानीय व्यक्तिलाई पनि हिरासतमा लिइएको छ ।

स्थानीय सञ्चार माध्यमहरूले उक्त विस्फोटमा प्रयोग गरिएको कारको चालक काश्मीरको भएको दाबी गरेका छन् । भारतीय समाचार संस्थाहरूले फरीदाबादको मेडिकल कलेजमा कार्यरत एक काश्मीरी चिकित्सक त्यही कारमा सवार थिए कि थिएनन् भन्नेबारे प्रहरी अनुसन्धान चलिरहेको जनाएका छन् । हालसम्म प्रहरी निकायहरूले यी दाबीहरूको पुष्टि गरेका छैनन् । तर भारतीय सञ्चार माध्यमहरूका अनुसार सम्भवतः चिकित्सकले गिरफ्तारीबाट बच्न जानाजानी विस्फोट गराएको वा अनजानमा विस्फोटक पदार्थ ओसार्ने क्रममा दुर्घटना भएको हुनसक्ने अनुमान गरिएको छ ।

दिल्ली प्रहरीका प्रवक्ता सञ्जय त्यागीले अनुसन्धानकर्ताहरूले ‘आतङ्कवादी आक्रमण, आकस्मिक विस्फोट वा कारमा भएको यान्त्रिक विफलता जस्ता सबै कोणबाट अनुसन्धान गरिरहेको’ जानकारी दिनुभयो ।यसबीच, पुलवामा जिल्लाका चिकित्सकमध्ये एकजना सन्दिग्धकी बहिनी शगुफ्ता जानले गत शुक्रबारदेखि आफ्नो भाइसँग सम्पर्क हुन नसकेको बताउनुभयो । “उहाँले शुक्रबार हामीलाई फोन गरेर घर आउँछु भन्नुभएको थियो । तीन दिनपछि आउने बताउनुभएको थियो, तर त्यसपछि कुनै सम्पर्क भएन”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार सोमबार राति प्रहरी अधिकारीहरू घरमै आएर चिकित्सककी आमासँगै उनका दुई दाजुभाइलाई पनि सोधपुछका लागि साथमा लगेका छन् । भारतीय अधिकारीहरूले भने अनुसन्धान संवेदनशील भएकाले थप विवरण सार्वजनिक गर्न अस्वीकार गरेका छन् ।

# पदबाट हटाउने सबै प्रयासको यूकेका प्रधानमन्त्री स्टार्मरले ’प्रतिकार गर्ने’

बीबीसी

काठमाण्डु । यूकेका प्रधानमन्त्री किअर स्टार्मरलाई लेबर पार्टीको नेतृत्वबाट हटाउन आफ्नै सांसदहरूले गर्न सक्ने प्रयासको स्टार्मरले प्रतिकार गर्ने उनका सहयोगीहरूले बताएका छन्।



अबको १५ दिनपछि पेस हुने बजेटलगत्तै स्टार्मरको पद जोखिममा पर्ने सक्ने डर उनका सहयोगीहरूमा उत्पन्न भएको छ।आलोचकहरूले यो डाउनिङ स्ट्रीटस्थित प्रधानमन्त्रीको कार्यालय “पूरै प्रतिरक्षात्मक“ बनेको प्रमाण भएको भन्दै त्यसले सरकारलाई “सङ्कटबाट बाहिर निस्किन नसघाउने“ बताएका छन्। स्टार्मरलाई पदबाट हटाउने षड्यन्त्र भएको दाबी गर्दै उनका सहयोगीहरूले नेतृत्व परिवर्तन गर्दा अवस्था झन् बिग्रिन सक्ने जोखिम रहेको चेतावनी दिएका छन्।

लेबर पार्टीका सांसदहरूले किअर स्टार्मरलाई हटाएर पार्टीको नेतृत्व लिन सक्ने सम्भावित व्यक्तिका रूपमा छलफल गरेकामध्ये उनीसँग निकट केही मन्त्रीहरू पनि छन्। त्यसका लागि स्वास्थ्यमन्त्री वेस स्ट्रीटिङ र गृहमन्त्री शबाना महमूदको नाम पनि चर्चामा छ। कतिपयले ऊर्जामन्त्री एड मिलिब्यान्ड र भूतपूर्व यातायातमन्त्री लुईस हेगले पनि लेबर पार्टीको नेतृत्व लिन सक्ने अनुमान गरेका छन्। “उनले् स्टार्मरले यसको प्रतिकार गर्ने छन्,“ एक मन्त्रीले भने। उनले सन् २०२१ मा भएको एउटा महत्त् वपूर्ण उपनिर्वाचनमा लेबर पार्टीले कन्जर्भेटिभ पार्टीसँग हार बेहोरेको र त्यस बेला स्टार्मर आफैँले लेबर नेताबाट राजीनामा दिनेबारे छलफल चलाएको उदाहरण दिए।

तर अहिले त्यस्तो अवस्था नरहेको उनको तर्क छ।“लेबर पार्टीलाई चुनाव जिताउने र अहिले जीवित रहेका दुई नेतामध्ये उनी पनि एक हुन्। सत्र महिनापछि उनविरुद्ध उभिनु मूर्खता हुन्छ।“ स्कटल्यान्ड र वेल्सका संसदीय चुनाव र आगामी मे महिनामा इङ्ल्यान्डका धेरै भागमा हुने स्थानीय निर्वाचनपछि सरकार अप्ठ्यारोमा पर्न सक्ने कुरा लेबर पार्टीका कैयौँले केही महिनायता बुझेका छन्।

यी निर्वाचनमा लेबर पार्टीले नराम्रो परिणाम भोग्न सक्ने ठानिएको छ। तर ती निर्वाचनसम्म कुर्दा निकै ढिलो भइसक्ने चिन्ता व्यक्त गर्दै पार्टीभित्र केहीले अहिले नै शीर्ष नेतृत्व फेर्ने विषयमा सोच्नुपर्ने धारणा राखेका छन्।डाउनिङ स्ट्रीट पनि त्यस्तो सम्भावित सङ्कटबारे सचेत छ।

एक वरिष्ठ लेबर सांसदले बीबीसीसँग भने, “स्थानीय निर्वाचनसम्म पर्खौं भन्ने सुझाव राम्रो हो। तर त्यसो गर्दा पार्टीका कार्यकर्ताहरूलाई जोखिमतिर धकेल्नुपर्छ। हामी सबै स्थानीय प्रतिनिधिहरू गुमाउन सक्दिनौँ।“ लेबर पार्टीकै अर्को स्रोतका अनुसार बजेटपछि स्टार्मरको विकल्प खोज्नेहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको छ।

“यदि वेस स्ट्रीटिङले आँट गरे र अघि बढे भने उनले क्रिस्मससम्म प्रधानमन्त्री बन्न सक्छन्,“ उक्त स्रोतले भन्यो। प्रधानमन्त्रीप्रति निकट मानिएका केही स्ट्रीटिङ महत्त्वाकाङ्क्षी बनेको ठान्छन्। यद्यपि स्ट्रीटिङका एक प्रवक्ताका अनुसार त्यस्ता दाबीहरू पूर्णतः असत्य हुन्। “वेसको प्राथमिकता एनएचएस (राष्ट्रिय स्वास्थ्य सेवा)मा १५ वर्षमा पहिलो पटक प्रतीक्षा सूची घटाउने, अढाई हजार थप चिकित्सक भर्ना गर्ने र उनको ज्यान बचाएको एनएचसलाई पुनर्निर्माण गर्नेमा मात्रै केन्द्रित छ,“ उनले भने। स्वास्थ्यमन्त्री स्ट्रीटिङले बुधवार केही सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिने तयारी गरेका छन्। उनको अन्तर्वार्ताले इङ्ल्यान्डको एनएचएसमा परिवर्तन गर्ने योजनामा केन्द्रित हुने ठानिएको छ। सरकारमा रहेको एक स्रोतका अनुसार डाउनिङ स्ट्रीट पूरै प्रतिरक्षात्मक अवस्थामा पुगेको छ र बिनाकारण अतिनिष्ठावान् मन्त्रीहरूमाथि पनि खनिन थालेको छ।“किअर स्टार्मरका सहयोगीहरूको टोलीले आफ्नै मान्छेहरूविरुद्ध प्रधानमन्त्रीलाई ब्रीफ गर्नु दुर्भाग्यको कुरा हो। एञ्जेला, लीसा र लुसीसँग पनि त्यस्तै भएको थियो। अहिले वेसको पालो आएको छ,“ स्रोतले भन्यो।उक्त सरकारी स्रोतले भूतपूर्व उपनेता एञ्जेला रेनर, वर्तमान उपनेता लुसी पावेल अनि संस्कृतिमन्त्री लीसा नन्दीलाई डाउनिङ स्ट्रीटले विश्वास नगरेको प्रसङ्ग निकाल्दै भन्यो।

प्रधानमन्त्रीका समर्थकहरू नेतृत्वको प्रतिस्पर्धाले पार्टीलाई कन्जर्भेटिभ पार्टीको कार्यकालको अन्तिम वर्षहरूजस्तै अव्यवस्था निम्त्याउने र जनादेश नपाएका व्यक्ति नेता बन्न सक्ने बताएका छन्।नेतृत्वको खेलका कारण अन्तर्राष्ट्रिय बजार पनि अस्थिर हुने र अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पसँग स्टार्मरले स्थापित गरेको सम्बन्ध पनि बिग्रिन सक्ने उनीहरूको तर्क छ।मतसर्वेक्षणहरूमा किअर स्टार्मर निकै अलोकप्रिय देखिएका छन्। केही महिनायता लेबर पार्टीको पक्षमा २० प्रतिशतभन्दा बढी मतदाता नभएको देखिन्छ।

# बङ्गलादेशको मदिरा उद्योगको आश्चर्यजनक सफलता

एएफपी

दारसाना ।हाल इस्लामवादी शक्तिहरू पुनः राजनीतिक रूपमा सक्रिय हुँदै गरेको मुस्लिम बहुल देश बङ्गलादेशमा त्यहीँको एक मात्र सरकारी इजाजत प्राप्त डिस्टिलरीको परिसरमा मिठास मिसिएको सिरपको सुगन्ध फैलिएको छ ।

सरकारी स्वामित्वको ‘क्यारो एन्ड कम्पनी’ नामक यो उद्योगले पछिल्लो आर्थिक वर्षमा अभूतपूर्व नाफा कमाएको छ । यसलाई देशको कठोर मदिरा नीति र सामाजिक निषेधबीचको आश्चर्यजनक उपलब्धि मानिएको छ ।

विश्वको चौथो सबैभन्दा बढी जनसङ्ख्या भएको मुस्लिम राष्ट्र बङ्गलादेशमा मदिरा उत्पादन र बिक्री कडा रूपमा नियमनमा राखिएको छ । करिब १७ करोड जनसङ्ख्या भएको देशमा विशाल बहुमतले यसका उत्पादन किन्न वा उपभोग गर्न पाउँदैनन् । यद्यपि, ८७ वर्षअघि ब्रिटिस शासनकालमा स्थापना भएको क्यारो एन्ड कम्पनीले आर्थिक वर्ष २०२४-२५ मा एक करोड अमेरिकी डलर बराबरको नाफा कमाएको र कर तिरेको कम्पनीका प्रबन्ध निर्देशक रबिक हसनले बताउनुभयो ।“कम्पनीको इतिहासमै यो सबैभन्दा बढी नाफा हो”, हसनले भन्नुभयो, “हामीले आगामी वर्षहरूमा अझ वृद्धि हुने अपेक्षा राखिरहेका छौँ ।”

बङ्गलादेश पछिल्ला वर्षहरूमा राजनीतिक अस्थिरताबाट गुज्रिएको छ । सन् २०२४ को अगस्तमा भएको जनआन्दोलनले तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकारलाई अपदस्थ गरेको थियो । मानव अधिकार उल्लङ्घनको आरोपमा आलोचना खेप्दै १५ वर्ष शासन गरेकी हसिनाले इस्लामवादी समूहहरूप्रति कडा नीति लिइरहनुभएको थियो । उहाँ भारततर्फ पलायन गरेपछि देशभित्रका इस्लामवादी शक्तिहरू पुनः दृढ बनेका छन् ।

इस्लाममा निषेधित रक्सीलाई तिनले खासै निशाना नबनाए पनि सङ्गीत तथा नाटक उत्सव, महिला फुटबल प्रतियोगिता र चङ्गा उडाउने पर्व जस्ता ‘इस्लामविरोधी’ ठानेका सांस्कृतिक गतिविधिहरूमाथि प्रतिबन्धको माग गर्न थालेका छन् । यस्तै अवस्थामा अन्तरिम सरकारले अब देशलाई सन् २०२६ फेब्रुअरीमा तय गरिएको आम निर्वाचनतर्फ अघि बढाइरहेको छ ।

दारसाना सीमावर्ती औद्योगिक क्षेत्रमा अवस्थित क्यारोको विशाल कारखानामा लगातार गुन्जिने मेसिनहरूको आवाजबीच बोतलहरू भरिँदै गर्छन् । कम्पनीका प्रमुख उत्पादनहरू ‘इम्पेरियल ह्विस्की’ र ‘सारिना भोड्का’ हुन्, जसलाई नेदरल्यान्ड्सबाट आयात गरिएको स्वादका साथ उखुबाट डिस्टिल्ड गरिन्छ ।“हामी कसैलाई पनि पिउन




प्रोत्साहित गर्दैनौँ”, हसनले स्पष्ट पार्दै थप्नुभयो, “हामीले उत्पादन तिनीहरूलाई मात्र बेच्ने गर्छौं, जो पहिले नै पिउँछन् ।”

बङ्गलादेशमा मादक पदार्थ खरिद गर्न सरकारी अनुमति अनिवार्य छ । मादक पदार्थ खरिद गर्न २१ वर्ष उमेर पूरा गरेका व्यक्तिलाई मात्र दिइन्छ र प्रायः गैर-मुस्लिमहरूलाई मात्र उपलब्ध हुन्छ । अनुमतिपत्र लिन चिकित्सकीय सिफारिस आवश्यक हुन्छ ।

नार्कोटिक्स कन्ट्रोल विभागका महानिर्देशक हसन मारुफका अनुसार मदिरा निषेधित छ, तर केही समुदायका लागि अपवादको व्यवस्था गरिएको छ ।

त्यस्ता समुदायमा देशका चिया बगानमा कार्यरत विदेशी र स्थानीय कामदारहरू पर्छन् । क्यारोको सस्तो मदिरा त्यहाँका करिब एक लाख ५० हजार मुख्यतया हिन्दू कामदारहरूबीच लोकप्रिय छ । बङ्गलादेशको करिब १० प्रतिशत जनसङ्ख्या गैर-मुस्लिम (मुख्यतया हिन्दू) रहेको अनुमान छ ।यस वर्ष कम्पनीको चिनी विभागले घाटा बेहोरे पनि त्यसका मिलहरूले मल, भिनेगर र औद्योगिक मदिरा उत्पादन गरेका छन् । जमुना समूहको स्वामित्वमा रहेको देशको एक मात्र बियर उत्पादन गर्ने ‘हन्टर ब्रुअरी’ सँगै क्यारोले वैधानिक मदिराको प्रमुख स्रोत उपलब्ध गराइरहेको छ ।

अवैध मुनशाइन उत्पादन र आयातित मदिरामा हुने खतरनाक मिलावटको समस्याले ग्रस्त देशमा यी उत्पादनहरू सुरक्षित विकल्पका रूपमा स्थापित भएका छन् ।४२ वर्षीय माछा व्यापारी प्रिन्स मामुनले आफू दुई दशकदेखि क्यारोका उत्पादन सेवन गर्दै आएको बताउनुभयो । “यो आयातित ब्रान्डभन्दा सस्तो र भरपर्दो छ”, उहाँले भन्नुभयो । महिनामा करिब २० दिन पिउने मामुनसँग आधिकारिक अनुमति पनि छ । “म क्यारोका उत्पादनहरू कुनै शङ्का बिना पिउँछु”, उहाँले आत्मविश्वासपूर्वक भन्नुभयो ।

त्यस्तै, बोटलिङ युनिटमा कार्यरत ३८ वर्षीय शाह आलम नामका कर्मचारी कट्टर मुस्लिम हुनुहुन्छ तर कहिल्यै मदिरा नपिएको बताउनुहुन्छ । तर उहाँले डिस्टिलरीले स्थानीय समुदायमा रोजगारी, शिक्षा र सामाजिक सहयोगमार्फत पुऱ्याएको योगदानको प्रशंसा गर्नुहुन्छ ।“म आफैँ केही पिउँदिनँ, न त बिक्रीमा संलग्न छु”, आलमले भन्नुभयो, “तर म गर्वका साथ भन्छु–यहाँ मैले गरिरहेको काम मेरो इमानदार पेशा हो ।”यसरी, धार्मिक र सामाजिक प्रतिबन्धबीच पनि क्यारो एन्ड कम्पनीको सफलताले बङ्गलादेशको अर्थतन्त्रमा अद्भुत विरोधाभास र अनपेक्षित उपलब्धिको उदाहरण प्रस्तुत गरेको छ।

# सन् २०२५ मा विश्व वाइन उत्पादन सामान्य सुधारतर्फ

एएफपी

पेरिस । गत वर्षको तीव्र मन्दीपछि सन् २०२५ मा विश्वव्यापी वाइन उत्पादन सामान्य सुधारको दिशामा रहेको उद्योगको अन्तर्राष्ट्रिय निकायले बुधबार जानकारी दिएको छ ।

तर, जलवायु परिवर्तन र उपभोक्ताहरूको बदलिँदो उपभोग बानीका कारण उत्पादन हालसालैको औसतभन्दा अझै तल रहिरहने अनुमान गरिएको भाइन र वाइनको अन्तर्राष्ट्रिय सङ्गठन (ओआइभी) ले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिअनुसार, यस वर्ष विश्वमा करिब २३ करोड २० लाख हेक्टलिटर वाइन उत्पादन हुने सम्भावना छ । यो सन् २०२४ को तुलनामा तीन प्रतिशतले वृद्धि हो । गत वर्षको उत्पादन सन् १९६१ यताकै सबैभन्दा न्यून वार्षिक स्तरमा पुगेको थियो ।ओआइभीले उत्पादनलाई लगभग सामान्य स्तरमा ल्याउन सफल भएको छ । केही मध्य तथा दक्षिणपूर्वी युरोपेली देशहरूले पनि पछिल्ला वर्षको तुलनामा सुधार देखाएका छन् । उत्तरी गोलार्धका अन्य क्षेत्रहरूमा संयुक्त राज्य अमेरिकाले सन् २०२४ को स्तरबाट ‘केवल आंशिक पुनरुत्थान’ हासिल गरेको छ ।

दक्षिणी गोलार्धमा भने दक्षिण अफ्रिका, अस्ट्रेलिया, न्युजिल्यान्ड र ब्राजिलजस्ता देशहरूले मध्यम सुधार देखाएका छन् । यी देशहरूको पुनरुत्थानले चिलीमा भएको उल्लेखनीय गिरावटलाई केही हदसम्म सन्तुलनमा ल्याएको छ । चिलीमा गर्मीको असामान्य लहर, न्यून वर्षा र पानीको अभावले उत्पादनमा ठूलो असर पारेको थियो ।यद्यपि जलवायु परिवर्तनका कारण केही उत्पादक देशहरू गम्भीर रूपमा प्रभावित भए पनि समग्र



विश्वका २९ प्रमुख उत्पादक देशहरूबाट प्राप्त तथ्याङ्कका आधारमा यो मूल्याङ्कन गरेको हो । ती देशहरूले विश्व वाइन उत्पादनको करिब ८५ प्रतिशत हिस्सा ओगट्छन् ।सन् २०२५ को दृष्टिकोणले ‘जलवायु चुनौती र बदलिँदो उपभोग मोडेलका कारण विश्वव्यापी आपूर्तिमा भइरहेको लगातार कमीको पुष्टि गरेको’ ओआइभीले जनाएको छ ।

विश्व वाइन उत्पादनको ६० प्रतिशत हिस्सा ओगट्ने युरोपेली सङ्घ (इयु) ले अहिले पनि ‘उच्च जलवायु परिवर्तनशीलता’ को सामना गरिरहेको छ । फ्रान्स र स्पेनले यस वर्ष उल्लेखनीय रूपमा कम फसल रेकर्ड गरेका छन् भने इटालीले तस्बिर भने पूर्णतः नकारात्मक छैन । ओआइभीका महानिर्देशक जोन बार्करका अनुसार विश्वव्यापी वाइन आपूर्ति अहिलेको कमजोर मागसँग सन्तुलनमा आउँदैछ । यो उद्योगका लागि दीर्घकालीन रूपमा सकारात्मक सङ्केत हो ।

“हामीले यो कहिल्यै बिर्सनु हुँदैन कि ती जलवायु प्रभावहरूबाट व्यक्तिहरू र क्षेत्रहरू प्रत्यक्ष प्रभावित छन्”, बार्करले भन्नुभयो, “तर जब हामीले विश्वव्यापी आपूर्ति र मागको अवस्थालाई समग्र दृष्टिकोणबाट हेर्ने हो भने यो सन्तुलित र सकारात्मक तस्बिर हो–जसले वाइनको निर्यात मूल्य निर्धारणलाई थप मजबुत बनाइरहेको छ ।

# भुटानको दुई दिने राजकीय भ्रमण सकेर प्रधानमन्त्री मोदी, स्वदेश फिर्ता

एएनआई

नयाँदिल्ली ।प्रधानमन्त्री नरेन्द्र मोदी दुई छिमेकी देशहरू बिचको मित्रता र सहयोगको घनिष्ठ सम्बन्धलाई अझ सुदृढ पार्ने उद्देश्यले भुटानको दुई दिने राजकीय भ्रमणको सकेर बुधबार नयाँ दिल्ली फर्किनु भएको छ ।

थिम्पूबाट दिल्लीका लागि प्रस्थान गर्नु अघि प्रधानमन्त्री मोदीले भुटानका जनता र सरकारलाई उनीहरूको न्यानो आतिथ्यका लागि कृतज्ञता व्यक्त गर्दै सामाजिक सञ्जाल एक्समा एउटा पोस्ट गर्नु भएको छ ।

“भुटानको भ्रमण विभिन्न ऐतिहासिक कार्यक्रमहरू तथा महामहिम चौथो ड्रूक ग्याल्पोको ७० औँ जन्मजयन्ती को अवसरमा आयोजित विश्वव्यापी शान्ति प्रार्थना महोत्सवको अवसरमा भएको जनाइएको छ । भ्रमण पछि ऊर्जा तथा स्वास्थ्य सेवा जस्ता क्षेत्रहरूका नतिजाहरूले द्विपक्षीय साझेदारीलाई गति दिने उहाँले बताउनु भएको छ ।

भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुक व्यक्तिगत रूपमा प्रधानमन्त्री मोदीलाई विदा गर्न एयरपोर्टमा आउनु भएको थियो ।

# एआई र मानव सङ्गीत छुट्याउन नसक्ने अवस्थामा मानिसहरू

एएफपी

पेरिस । हालै सार्वजनिक गरिएको एक अन्तर्राष्ट्रिय सर्वेक्षणले मानिसहरूका लागि कृत्रिम बुद्धिमत्ता (एआई) द्वारा सिर्जना गरिएको सङ्गीत र मानवद्वारा कम्पोज गरिएको सङ्गीतबीचको भिन्नता छुट्याउन झण्डै असम्भव भइसकेको देखाएको छ ।

फ्रान्सस्थित सङ्गीत स्ट्रिमिङ प्लेटफर्म डिजरका लागि पोलिङ फर्म इप्सोसले गरेको अध्ययनमा करिब नौ हजार सहभागीलाई एआईले पूर्ण रूपमा उत्पन्न गरेको दुईवटा सङ्गीत क्लिप र मानवद्वारा सिर्जना गरिएको एउटा क्लिप सुन्न आग्रह गरिएको थियो । नतिजा अनुसार, “सर्वेक्षणमा सहभागी ९७ प्रतिशत व्यक्तिले एआई-निर्मित र मानव-निर्मित सङ्गीतबीचको स्पष्ट भिन्नता छुट्याउन सकेनन्”, डिजरले बुधबार जारी गरेको विज्ञप्तिमा जनाएको छ ।

सर्वेक्षण अक्टोबर ६ देखि १० सम्म ब्राजिल, बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, जापान, नेदरल्यान्ड्स र संयुक्त राज्य अमेरिकामा सञ्चालन गरिएको थियो । डिजरका अनुसार आधाभन्दा बढी सहभागीहरूले फरक छुट्याउन नसक्दा आफूलाई ‘असहज’ महसुस गरेको बताएका थिए ।

अध्ययनका क्रममा एआई प्रविधिको व्यापक प्रभावबारे पनि प्रश्नहरू सोधिएको थियो । करिब ५१ प्रतिशत उत्तरदाताले एआईका कारण स्ट्रिमिङ प्लेटफर्महरूमा ‘ कम गुणस्तरको सङ्गीत’ बढ्ने विश्वास व्यक्त गरे भने झण्डै दुई तिहाइले यसले ‘सङ्गीतमा मौलिक रचनात्मकता घटाउने जोखिम’ रहेको धारणा राखे ।

डिजरका प्रमुख कार्यकारी अधिकृत एलेक्सिस ल्यान्टर्नियरले विज्ञप्तिमा भन्नुभयो, “यो सर्वेक्षणले श्रोता समुदायले सङ्गीतप्रति गहिरो चासो राख्छन् भन्ने स्पष्ट रूपमा देखाउँछ । उनीहरू एआईले बनाएको वा मानिसले सिर्जना गरेको ट्र्याक सुन्दैछन् भनेर थाहा पाउन चाहन्छन् ।”

कम्पनीका अनुसार पछिल्ला महिनाहरूमा यसको प्लेटफर्ममा एआई-निर्मित सामग्रीको अपलोड दर तीव्र गतिमा बढिरहेको छ र यस्ता गीतहरूले ठूलो सङ्ख्यामा श्रोता पनि पाएका छन् । सन् २०२५ को जनवरीमा प्रत्येक दिन स्ट्रिम गरिएका १० मध्ये केवल एउटा ट्र्याक एआई-निर्मित थियो, तर दश महिनापछि त्यो अनुपात बढेर तीनमध्ये एक अर्थात् दैनिक झण्डै ४० हजार एआई गीतसम्म पुगेको छ ।

सर्वेक्षणमा सहभागी ८० प्रतिशत उत्तरदाताले एआई-निर्मित सङ्गीतलाई स्पष्ट रूपमा चिह्न लगाएर प्रस्तुत गर्नुपर्ने छ ।

# मनास्लु आरोहणको वैकल्पिक मार्ग खोजी



मनाङ । हिमाली जिल्ला मनाङको नार्सों गाउँपालिकाले मनास्लु हिमाल आरोहणको नयाँ पदमार्गको प्रारम्भिक अध्ययन सुरु गरेको छ।

मनास्लु आरोहणका लागि सहज बाटो पहिचान गर्ने उद्देश्यले गाउँपालिकाको समन्वय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को प्रायोजनमा पदमार्ग सर्वेक्षण सुरु गरिएको छ।

हाल मनास्लु आरोही काठमाडौँबाट गोरखाको आरुघाट, सामागाउँ हुँदै यात्रा गर्छन् । पूर्वतर्फबाट मनास्लु आरोहण सुरु गर्छन् । तर, मनाङको नार्सों गाउँपालिकाले काठमाडौँबाट लमजुङको बेंसीसहर हुँदै धारापानी, तिल्चे, गुवा, सुती खोला, याकखर्क हुँदै भीमथाङमा बास बसेर पश्चिमतर्फबाट आरोहणको सम्भावनाबारे अध्ययन सुरु गरेको छ।

सामागाउँ र भीमथाङ दुवैतर्फको आरोहण मार्ग छ हजार मिटर उचाइ क्याम्प थ्रीमा पुगेर मिसिन्छ। गोरखामा पर्ने यस हिमाल आठ हजार १६३ मिटर अग्लो छ। सन् १९५६ मे ९ मा जापानका टी इमानिस र नेपालका ग्याल्सेन नोर्बुले यस हिमालको पहिलो पटक आरोहण गर्नुभएको थियो । त्यतिबेला भीमथाङबाटै आरोहण भएको र पछि पदमार्गमा क्षति पुगेपछि सामागाउँतर्फबाट आरोहण थालिएको नार्सों गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो।

पुनः भीमथाङबाट आरोहणको सम्भावनाबारे प्रारम्भिक अध्ययनमा संलग्न कर्मा शेर्पाले थप अध्ययन आवश्यक रहेको बताउनुभयो। "हामी जाँदा हिउँ थियो, त्यसैले थप अध्ययन आवश्यक छ", उहाँले भन्नुभयो, "भीमथाङतर्फको मार्गमा पहिरोको जोखिम कति छ। सहज हुन्छ कि हुँदैन भन्ने जस्ता विभिन्न प्राविधिक विषयको अध्ययन गर्नुपर्ने देखिन्छ।"

शेर्पाले पहिलो चरणमा फोटो/भिडियो खिचेर ल्याएको र अनुभवी आरोहीबाट त्यसको विश्लेषण गरेर निष्कर्ष निकाल्न बाँकी रहेको बताउनुभयो । गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले अनुभवी माउण्टेन गाइडको सहभागितामा प्रारम्भिक सम्भाव्यता अध्ययन सुरु गरेको तर निष्कर्ष आउन बाँकी रहेको बताउनुभयो।

यदि भीमथाङतर्फको मार्गबाट आरोहण गर्न सम्भाव्यता पुष्टि भएमा सबैभन्दा सजिलो र छोटो मार्ग यही हुने उहाँले बताउनुभयो । "हामीले भीमथाङबाट मनास्लु आरोहणको सपना देखेका छौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "यदि यो सफल भएमा नेपालको आठ हजार मिटरभन्दा माथि बेस क्याम्पसम्म पुग्ने छोटो दुरीको पदमार्ग भनेको नै यही हुनेछ।"

काठमाडौँबाट लमजुङको बेंसीसहर हुँदै मनाङको तिल्चे गाउँसम्म बस वा गाडीमा यात्रा गर्न सकिन्छ। त्यसपछि तिल्चेबाट पैदल हिँडेर गुवा, सुती खोला, याकखर्क हुँदै भीमथाङमा बास बस्न सकिन्छ । त्यहाँबाट सिधैँ मनास्लुको बेस क्याम्पमा साढे दुई दिनमै पुग्न सकिन्छ। यस मार्ग मनास्लु आरोहणको सबैभन्दा छोटो दुरी रहेको गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो।

यस पदमार्गमा करिब ३० वटा होटल रहेका छन्। तीन हजार ७०० मिटरको उचाइमा रहेको भिमथाङमा मात्रै ११ वटा होटल रहेका छन्। यहाँ मात्रै ५०० जना अट्न सक्ने क्षमता रहेको छ।

उहाँले भन्नुभयो, "हिमाल आरोहणका लागि सकारात्मक आउने विश्वास छ र आगामी दिनमा यही छोटो रुटबाट मनास्लु आरोहण गर्न पाइनेछ । मितव्ययिताको साथ छोटो दुरीको पदयात्रामार्फत आठ हजार मिटर माथिको हिमाल आरोण गर्न सकिन्छ कि भनेर सर्वेक्षण गरिरहेका छौँ । यस सर्वेक्षणले सफलता पाउने अपेक्षा गरेका छौँ।"

अहिले धारापानीबाट पदयात्रामार्फत तिल्चे, गुवा, सुती खोला, याकखर्क, भीमथाङ हुँदै मनास्लु आरोहणका लागि जाने गर्दछन् । छोटो समयमा पुग्ने भएकाले यस मार्गलाई केही आरोहीले मनाङको पदमार्ग हुँदै यस हिमाल आरोहण गर्ने गरेका छन्। आरोही तथा पथप्रदर्शकले मनास्लु आरोहणमा जाँदा यस मार्ग छोटो पर्ने गरेका बताउँछन्। यस सर्वेक्षणले मार्ग पहिचान तथा अनुमति पाएमा आरोही तथा पथप्रदर्शकलाई सहज हुनेछ।रासस

# वर्षा सकिएपछि मुग्लिन–मलेखु सडकको काम थालियो

चितवन । वर्षासँगै चाडपर्वका कारण सामान्य काम मात्रै भएको मुग्लिन-मलेखु सडकको स्तरोन्नतीको कामले तिव्रता पाउन थालेको छ । असारपछि सडक स्तरोन्नतिको काम सुस्त भएको थियो।

पानी पर्न छाडेर चाडपर्वसमेत सकिएपछि कामलाई तिव्रता दिन थालिएको हो। नागढुङ्गा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन-मलेखु सडकका इन्जिनियर विजय दरैका अनुसार कामलाई तीव्रता दिन थालिएको छ। पुलको पहुँच सडकको काम सुरु गरिएको छ। चार वटा पुलको पहुँच सडकको काम गर्न लागिएको हो। पुल र अन्य भागमा बेरियर राख्ने काम थालिएको छ र ड्रेनको काम पनि सुरु गरिएको छ।

उहाँका अनुसार दुई/तीन दिनमा कालोपत्रको काम थाल्ने तयारी गरिएको छ। सो खण्डको ३८ दशमलव ८६ किलोमिटरमध्ये आठ किलोमिटर सडक कालोपत्र गरिसकिएको छ। थप पाँच किलोमिटर सडक कालोपत्रका लागि अन्तिम तयारी गरिएको छ।

दरैका अनुसार अन्तिम तयारीमा पुगेको ठाउँमा कालोपत्र गर्न लागिएको हो। यससँगै अन्य ठाउँमा कालोपत्रका लागि तयारीको काम गरिने छ। उक्त सडकखण्डमा पर्ने अन्य दुई पुलमध्ये चरौदी खोलको पुलको एउटा फाउण्डेसन हालिएको छ। अर्कोतर्फको गरिँदै छ भने हुग्दी खोलाको पुलको दुवै फाउण्डेसन तयार भइसकेको छ।

दरैका अनुसार हालसम्म सडक स्तरोन्नति ३५ प्रतिशत सम्पन्न भएको छ। यस खण्डमा दुई दशमलव दुई किमी छ लेनको बन्नेछ, जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्छ। सात दशमलव दुई किमी सडक चार लेन हुनेछ। चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौँदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालो-ओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने बताउनुभयो । उहाँका अनुसार 'क्लाइम्बिङ' मार्ग दुई दशमलव तीन किमीको हुनेछ भने बाँकी सडक दुई लेनको हुनेछ।



विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का लगाइएको थियो। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-नागढुङ्गा खण्डलाई तीन चरण बनाएर बोलपत्र आह्वान गरिएको हो । यो तेस्रो चरणअन्तर्गत पर्दछ । आगामी पुस १५ मा म्याद यसको सकिँदै छ। म्याद थपका लागि प्रक्रिया अघि बढेको दरैले बताउनुभयो । डिजाइन परिमार्जनलगायतका कारण केही महिना निर्माण कम्पनीले म्याद थप पाउने उहाँको भनाइ छ।

शर्मा-जेडआइसिजीले रु चार अर्ब ८० करोड ५९ लाखमा यस खण्ड स्तरोन्नतिको ठेक्का लिएको हो। सडकका विभिन्न क्षेत्रमा कालोपत्रसँगै नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम बाँकी छ।

यो सडक विश्व बैंकको सहयोगमा बनाउन लागिएको हो। काठमाडौँ प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा यो खण्ड रहेको छ । सडकमा सवारीसाधनको उच्च चाप र कच्चा पदार्थ पाउन कठिन हुँदा काममा ढिलाइ भएको निर्माण कम्पनीले जनाएको छ।रासस

# 'परान' चलचित्र हेरेर ईसेवा परिवार भावुक बनेपछि...!



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली चलचित्र 'परान' रिलिज भएको दुई साता नाघिसक्दा पनि दर्शकको उत्साह भने कायमै छ । यस्ता फिल्महरू बिरलै बन्ने गरेको भन्दै दर्शकहरूले सकारात्मक प्रतिक्रिया दिइरहेका छन् । अहिले पनि देशभरका हलहरूमा दर्शकको भिड सहजै देख्न सकिन्छ।

सामाजिक सञ्जालमा दर्शकहरूले फिल्मको कथा, अभिनय र भावनात्मक प्रस्तुतीको प्रशंसा गरिरहेका छन् । यही माहोलका बीच ईसेवा परिवारले पनि 'परान' हेरेको छ । ईसेवाले आफ्ना कर्मचारी र उनीहरूको परिवारका लागि सोमबार साँझ पुल्चोकस्थित लबिम मलमा 'परान' को विशेष कर्पोरेट शो आयोजना गरी सामूहिक रूपमा चलचित्र हेर्ने अवसर जुराएको हो।

'परान' नेपाली समाजको पारिवारिक परिवेशमा आधारित हृदयस्पर्शी कथा हो । यसमा जीवनको उत्तरार्धमा सन्तानको साथ र माया खोजिरहेका एक बाबुको भावनात्मक यात्रा देखाइएको छ । चलचित्रमा वरिष्ठ अभिनेता नीर शाह शीर्ष भूमिकामा रहेका छन् । नेपाली फिल्म उद्योगमा अभिनयका ' भीष्मपितामह' भनेर परिचित शाहले लामो समयपछि मुख्य भूमिकामा पुनरागमन गरेकाले चलचित्रमा विशेष चासो र आकर्षण बढेको हो।

यस्तै पारिवारिक र सन्देशमूलक फिल्महरूले समाजलाई सही मार्गमा डोऱ्याउने भन्दै ईसेवा परिवारले 'परान' चलचित्रको खुलेर प्रशंसा गरेको छ । सम्पूर्ण टिम नै एकसाथ फिल्म हेर्दा कर्मचारीबीच आपसी सम्बन्ध, आत्मीयता र सकारात्मक ऊर्जाको अनुभूति भएको ईसेवाले जनाएको छ।

# गणितलाई संवाद र सोचको नयाँ रूप दिने 'ग्लोबल म्याथ डिबेट लिग' नेपालमा




**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षाको क्षेत्रमा अग्रणी संस्था एम्बार्क अनम्याथले गणित सिक्ने र सिकाउने परम्परागत धारणा परिवर्तन गर्दै आएको छ। कठिन गणितीय अवधारणाहरूलाई रचनात्मक रूपमा र दैनिक जीवनसँग जोडेर बुझाउने यो संस्थाले अहिले नेपालमा पहिलो पटक गणितीय सोच र बहसलाई एकसाथ ल्याउने 'ग्लोबल म्याथ डिबेट लिग सुरु गरेको छ। यसको मुख्य उद्देश्य गणितलाई केवल अङ्क र सूत्रको सीमामा नबाँधी, विचार र संवादको अन्तर्राष्ट्रिय भाषाका रूपमा स्थापित गर्नु हो ।

'ग्लोबल म्याथ डिबेट लिग'ले गणितलाई विचार, तर्क र कुराकानीको माध्यम बनाउने प्रयास गर्छ। यो कार्यक्रमले विद्यार्थीहरूलाई गणितलाई समस्या समाधानको मात्र उपकरण नभई, आफ्ना विचार व्यक्त गर्ने र सिर्जनशीलता प्रदर्शन गर्ने माध्यमका रूपमा प्रयोग गर्न प्रेरित गर्छ।

एम्बार्क अनम्याथका सह-संस्थापक दिवेश बठिजा भन्छन्,"ग्लोबल म्याथ डिबेट लिग ले हाम्रो सोचलाई प्रतिबिम्बित गर्छ कि गणित भनेको केवल हिसाब-किताब होइन, तर तार्किक सोच र समस्या समाधानको रोमाञ्चक यात्रा हो। यो लिगले विद्यार्थीहरूलाई परम्परागत कक्षाकोठाभन्दा बाहिरको सोच र अनुभव दिने राष्ट्रिय मञ्च हो।"

यस वर्ष नेपालभरका विद्यालयका ५,००० भन्दा बढी विद्यार्थीहरूलाई तीन चरणको संरचित प्रतियोगितामा सहभागी गराउँदैछ ।स्क्रिनिङ राउन्ड,क्षेत्रीय छनोट, र राष्ट्रिय फाइनल राउन्ड।

य ा ` प्रतियोगिताले विद्यार्थीहरूलाई सहकार्य, रचनात्मकता र आलोचनात्मक सोचमा जोड दिन्छ। यस प्रक्रियाबाट उनीहरूले आफ्नो विश्लेषणात्मक क्षमता, सार्वजनिक रूपमा बोल्ने आत्मविश्वास, र गणितको व्यावहारिक उपयोगबारे गहिरो बुझाइ विकसित गर्छन्।

गणित र संवादको कलालाई जोडेर, 'ग्लोबल म्याथ डिबेट लिग'ले नयाँ पुस्तालाई विश्लेषणात्मक रूपमा सोच्ने र प्रभावकारी रूपमा अभिव्यक्त हुन सक्षम नेतृत्वकर्ताका रूपमा सशक्त बनाउँछ। यो कार्यक्रमले विद्यार्थीहरूको शैक्षिक आधार बलियो बनाउनुका साथै गणितलाई रचनात्मकता, नवप्रवर्तन र नेतृत्वको माध्यमका रूपमा मनाउँछ।

नेपालमा यस प्रकारको पहिलो कार्यक्रमका रूपमा, 'ः मी'ले युवा बहसकर्ता, सोचविचार गर्ने र समस्या समाधानकर्ताहरूको राष्ट्रिय समुदाय निर्माण गर्दैछ -जहाँ गणितलाई विषय मात्र नभई जीवन हेर्ने दृष्टिकोणको रूपमा बुझिन्छ।

सन् २०१२ मा स्थापना भएको अनम्याथ स्कुल एक अग्रणी शैक्षिक संस्था हो, जसले विद्यालयस्तरमा गणित सिकाउने तरिका रूपान्तरण गर्दै आएको छ। यसको विस्तारित रूप एम्बार्क अनम्याथ हो, जसले ' ग्लोबल म्याथ डिबेट लिग', ' म्याथ म्याराथन' र 'स्पेस म्याथ' जस्ता कार्यक्रमहरू मार्फत सबै उमेरका विद्यार्थीहरूलाई गणितप्रति रोचक, अर्थपूर्ण र प्रेरणादायी बनाउने उद्देश्य राखेको छ।

# २०८२ मा सर्वाधिक कमाइ गर्ने चलचित्र बन्यो 'जेरी अन टप'

काठमाण्डु । गत असोज ३१ गतेदेखि प्रदर्शनरत नेपाली चलचित्र 'जेरी अन टप' २०८२ सालमा सबैभन्दा बढी कमाइ गर्ने चलचित्र बनेको छ।

यस वर्ष प्रदर्शनमा आएका चलचित्रमध्ये 'जेरी अन टप' गत शनिबारसम्म रु ११ करोड ७१ लख ४१ हजार ४९८ कमाइ (ग्रस कलेक्सन) गरेको चलचित्र विकास बोर्डअन्तर्गतको 'बक्सअफिस सिनेपा' ले जनाएको छ । बोर्डले सोमबार चलचित्रको व्यावसायिक तथ्याङ्क सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो।

उक्त चलचित्रका निर्माता सरोज न्यौपानेले दर्शकबाट प्राप्त साथ र मायाको आफू सदैव आभारी रहने बताउनुभयो । उहाँले भन्नुभयो, "चलचित्र 'जेरी अन टप' प्रदर्शनरत भएकाले आगामी दिनमा यसको व्यावसायिक आँकडा बढ्ने निश्चित छ । हामीलाई वितरकले दिनुभएको व्यावसायिक तथ्याङ्क भने चलचित्र विकास बोर्डको भन्दा बढी छ । यद्यपि, सगरमाथाको विषयमा बनेको चलचित्रले घरेलुसँगै प्रवासको बजारमा दर्शकको राम्रो साथ पाउनु हामी सबैका लागि खुसीको खबर हो।"

यसअघि गत वैशाखमा प्रदर्शन भएको 'ऊनको स्वीटर' ले रु ११ करोड ४१ लाख ८८ हजार ७८० कमाइ गरेको थियो । चलचित्र 'जेरी अन टप' मा अनमोल केसी, आँचल शर्मा, जसिता गुरुङ, भुवन केसी, केदार घिमिरे र उषा खड्गीलगायतका कलाकारले अभिनय गर्नुभएको छ। उक्त चलचित्रलाई सुयोग गुरुङले निर्देशन गर्नुभएको छ।रासस

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। बुधवार नेप्से परिसूचक २० दशमलव ५६ अङ्कले घटेर दुई हजार ५४४ दशमलव ५९ को विन्दुमा कायम भएको छ। बुधवार ३२१ कम्पनीका ८४ लाख चार हजार ६१६ कित्ता शेयर ६६ हजार ८२४ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ८४ करोड ८५ लाख ८६ हजार ४११ दशमलव ६७ को कारोबार भएको छ।

बुधवारको कारोबारमा उत्पादन तथा प्रशोधन समूहबाहेक अरु सबै समूहको उपसूचक घटेका छन्। कारोबार रकमका आधारमा बुधवार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको रु ४० करोड ३४ लाख तीन हजार ५४२ दशमलव ६० बराबरको र शेयर संख्याका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनीको दुई लाख ९४ हजार ७९६ कित्ता शेयर किनबेच भएको छ। रासस


## Invitation for Bids

## Sonma Rural Municipality

## Sonma, Mohattari

## Bid Addendum Notice

**Bid Addendum Publication Date: 13 November 2025**

Bid Addendum is uploaded for following Bid published on corresponding date. For more details visit PPMO eGP system www.bolpatra.gov.np/egp

| IFB No. | IFB Name | Publication Date | Last Date of Bid Submission | Cost Estimate (Including VAT and PS) |
|---|---|---|---|---|
| SRM/Works/ 082/083/NCB1 | The Procurement of Electrification work in Sonma Rural Municipality | 5 November 2025 | 5 December 2025 | Nrs. 5700845.89 |



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०७/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यलय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय सिन्धुलीमा मिति २०७५/०७/१४ गते रोज ४ मा दर्ता नं. ३०१५/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय बर्दिबासमा मिति २०७५/०७/१४ मा स्थायी लेखा नम्बर (PAN) ६०८६८७३९१ अन्तर्गत दर्ता कायम भएको **दिब्या हार्डवयर**।

**प्रोप्राइटर : दुर्गा प्रसाद बराल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. राम प्रसाद बरालको नाति, हरि प्रसाद बरालको छोरा, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद बराल** (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली)। | २. हरि प्रसाद बरालको बुहारी, दुर्गा प्रसाद बरालको पत्नी, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ बस्ने **रन्जु कुमारी बराल (चौलागाई)** (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली)। |

**धितोको विवरण**

१. दुर्गा प्रसाद बराल (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४८, १४९, २२३ र १०६ को क्षेत्रफल क्रमशः १-१-१६-०, ०-३-०-०, ०-१-२-० र ०-५-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. रन्जु कुमारी बराल (चौलागाई) (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १७१, १८४ र ३५८ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-२-०-० र ०-९-१६-२ (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. दिब्या हार्डवयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank

शाखा कार्यालय : बर्दिबास, महोत्तरी

फोन नं. ०४४-५५०६४०

Website: www.siddharthabank.com

# सात दलीय गठबन्धनको आन्दोलन जारी, दुई सांसदमाथि कारबाही

“प्रदेश प्रमुखले असंवैधानिक र गैरलोकतान्त्रिक प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त गरेकाले हामी शान्तिपूर्ण आन्दोलनमा छौं । सर्वोच्च अदालतले मंगलबार नै मुख्यमन्त्रीलाई दीर्घकालीन नीति तथा निर्णय नगर्न अन्तरिम आदेश दिएको छ । अब आइतवार पूर्ण फैसला आएसम्म हाम्रो आन्दोलन जारी रहनेछ ।”

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्तिप्रति असन्तुष्टि जनाउँदै सात दलीय गठबन्धनले आन्दोलनलाई निरन्तरता दिएको छ ।

नेकपा (एमाले) का संसदीय दलका नेता सरोजकुमार यादवलाई संविधानको धारा १६८ (३) बमोजिम ‘ठूलो दलको नेता’ को आधारमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मुख्यमन्त्रीमा नियुक्त गरेपछि उक्त निर्णय असंवैधानिक र अलोकतान्त्रिक प्रक्रिया रहेको भन्दै गठबन्धन दलहरूले विरोध कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

आन्दोलनमा सहभागी दलहरूमा नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी रहेका छन् ।

गठबन्धनका नेताहरूले मुख्यमन्त्री नियुक्ति संविधानविपरीत भएको दाबी गर्दै धारा १६८ (२) बमोजिम सरकार गठनको प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले सर्वोच्च अदालतको आइतबार हुने अन्तिम फैसला आउँदासम्म आन्दोलन जारी रहने बताए । उनले भने, “प्रदेश प्रमुखले असंवैधानिक र गैरलोकतान्त्रिक प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त गरेकाले हामी शान्तिपूर्ण आन्दोलनमा छौं । सर्वोच्च अदालतले मंगलबार नै मुख्यमन्त्रीलाई दीर्घकालीन नीति तथा निर्णय नगर्न अन्तरिम आदेश दिएको छ । अब आइतवार पूर्ण फैसला आएसम्म हाम्रो आन्दोलन जारी रहनेछ ।”



त्यस्तै, जनमत पार्टीका प्रमुख सचेतक चन्दन सिंहले पनि सर्वोच्च अदालतको निर्णयपछि गठबन्धनको आगामी रणनीति तय हुने बताए। “यदि अदालतले धारा १६८ (२) अनुसार निर्णय गर्‍यो भने नयाँ सरकार गठनमा लाग्नेछौं। तर धारा १६८ (३) कायम रहेमा त्यसै अनुसार रणनीति तय गर्नेछौं,” उनले भने ।

नेकपा (एकीकृत समाजवादी) का प्रमुख सचेतक रत्नेश्वर गोइत यादवले पनि प्रहरीको दमनका बीचमा आन्दोलनलाई शान्तिपूर्ण ढंगले निरन्तरता दिने बताएका छन् ।

यसअघि सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई दीर्घकालीन नीति तथा निर्णय नगर्न अन्तरिम आदेश जारी गरेपछि मंगलबार उनी पदभार ग्रहण गर्न लाग्दा, असन्तुष्ट ७ दलीय गठबन्धनले रोक्न खोज्दा प्रहरीसँग झडप भएको थियो । सो क्रममा पत्रकारसहित एक दर्जनभन्दा बढी प्रदर्शनकारी घाइते भएका थिए ।

कार्तिक २२ गते विश्वासको मतका लागि बोलाइएको प्रदेशसभा बैठकमा माओवादी केन्द्रमा भएको विभाजनपछि तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले राजीनामा दिएका थिए । त्यसपछि नयाँ मुख्यमन्त्री नियुक्ति प्रक्रियामा विवाद चर्कियो ।

लोसपाका तर्फबाट मुख्यमन्त्री रहेका सोनलको समर्थनमा ७ दलीय गठबन्धनले संविधानको धारा १६८ (२) अनुसार सरकार गठनको माग गर्दै सोही दिनदेखि आन्दोलन थालेका थिए ।

प्रदेश प्रमुख भण्डारीले सर्वदलीय सहमतिको आश्वासन दिए पनि कार्तिक २३ गते राति ११ बजे एमालेका सरोज यादवलाई धारा १६८ (३) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरी, २४ गते बिहान महोत्तरीको बर्दिवासस्थित होटलमा शपथ ग्रहण गराइन् । त्यसपछि उनी काठमाण्डु फर्किएकी थिइन् ।

यसपछि असन्तुष्ट सात दलीय गठबन्धन सडकमा उत्रिएर मुख्यमन्त्री तथा प्रदेश प्रमुख कार्यालय अगाडि तोडफोड र तालाबन्दी गरेका थिए ।

यसैबीच विश्वासको मतका दिन प्रदेश सभा बैठकमै पार्टीको ह्वीप निर्णय विरुद्ध कसैलाई विश्वासको मत नदिने भनि अनौठो तरिका प्रस्तुत गरेका नेकपा माओवादी केन्द्रका प्रदेश सांसद रहबर अन्सारी र सांसद मालाकुमारी कर्णलाई कारबाही गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अन्सारी र कर्णकै कारण पाँच दलीय गठबन्धनको लोसपा नेता जितेन्द्रप्रसाद सोनलको नेतृत्वमा रहेको सरकार विश्वासको मत नपाउँदै ढलेको थियो । सो विषयले अहिले माओवादी भित्र चर्किएको छ । प्रदेशसभामा भएको घटनालाई गैरसंवैधानिक रहेकाले दुवैजनालाई कारबाही प्रक्रिया अघि बढाइएको नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिए ।

पूर्वमन्त्रीसमेत रहेका नेता साहले भने ‘पार्टीको ह्वीप नमानेर प्रदेश सभाकै बैठकमा वितण्डा मचाएको कारण पार्टी केन्द्रिय समितिले साधारण सदस्य समेत नरहने गरी कारवाही सहितको निर्णय गरिसकेको छ । केन्द्रबाट पत्र आएलगतै संसदीय पद खारेजका लागि प्रदेश सभामा सिफारिस गरिनेछ ।’

# ‘कांग्रेस सात दलीय गठबन्धनसँगै रहने छ’



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति वीरेन्द्रप्रसाद सिंहले मुख्यमन्त्री पदकै लागि सात दलीय गठबन्धन नछाड्ने बताएका छन् ।

मधेशका मुख्यमन्त्री नियुक्ति प्रकरणमा सर्वोच्च अदालतको फैसला आएपछि नेपाली कांग्रेस मुख्यमन्त्री पदका लागि आन्दोलनरत सात दलीय गठबन्धनको साथ छाड्ने हल्ला सत्यता नरहेको पूर्वमन्त्रीसमेत रहेका उपसभापति सिंहले स्पष्ट पारे ।

जनकपुरधाममा बुधवार मधेश भवन अगाडि सात दलीय गठबन्धनको आन्दोलनमा सहभागी भएका पूर्वमन्त्री सिंहले संचारकर्मीहरुसंग कुराकानी गर्दै भने, ‘हामी मुख्यमन्त्री पदका लागि होइन तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले असंवैधानिक र गैरलोकतान्त्रिक तरिकाले मुख्यमन्त्री नियुक्ति गरेको विरोधमा आन्दोलनमा छौं ।’

उनले भने, ‘कांग्रेस लोकतान्त्रिक पार्टी हो, संघीयता र संविधानको रक्षार्थ आन्दोलनमा उत्रेका छौं । सर्वोच्च अदालतको फैसला नआउञ्जेलसम्म आन्दोलनलाई निरन्तरता दिने छौं । अदालतको फैसला आए अनुसार सात दलीय गठबन्धनको निर्णय अनुरुप नै कांग्रेस अघि बढ्छ ।

अदालतले संविधानको धारा १६८ (२) कार्यान्वयनको बाटो खोल्यो वा नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले कांग्रेस नेतृत्व लिन तयार भए जुनसुकै बेला राजीनामा दिएर सरकारमा गठनमा सहयोग गर्ने दिएको अभिव्यक्ति अनुसार कांग्रेस सात दलीय गठबन्धनको साथ छोड्नेछ भन्ने शंका उपशंका गरिँदै आएको छ ।

उनले सर्वोच्चको फैसला १६८ (२) कायम गर्ने आएपछि गठबन्धन दलको निर्णय स्वीकार्य गर्ने बताए ।

# असंवैधानिक मुख्यमन्त्री नियुक्तिको विरोधमा गौरमा प्रदर्शन

**दिलिप पाण्डे**

रौतहट । मधेश प्रदेशमा तत्कालीन प्रदेश प्रमुखद्वारा एकाबिहानै होटलमै बसेर असंवैधानिक तरिकाले मुख्यमन्त्री नियुक्ति गरिएको विरोधमा सात दलीय गठबन्धनले बुधबार रौतहटको सदरमुकाम गौरमा विरोध प्रदर्शन गरेको छ ।

नेपाली कांग्रेसका जिल्ला सभापति तथा प्रदेशका पूर्वअर्थमन्त्री सुनिलकुमार यादवको नेतृत्वमा कांग्रेस, जसपा, लोसपा, जनमत, नेसपा लगायतका सातदलीय गठबन्धनका नेता तथा कार्यकर्ताहरू गौर बजारमा सडकमा उत्रिएका छन् ।



विरोध प्रदर्शनमा सहभागीहरूले संविधान र लोकतान्त्रिक मूल्य मान्यता विपरीत गरिएको मुख्यमन्त्री नियुक्ति तत्काल खारेज गर्न माग गर्दै संविधानको रक्षा गर लोकतन्त्रमाथि हस्तक्षेप बन्द गर जस्ता नाराबाजी गरेका थिए । गौर बजार परिक्रमा गर्दै गरिएको जुलुस अन्तत घण्टाघर दुर्गा चौक क्षेत्रमा पुगेर शान्तिपूर्ण कोणसभामा परिणत भएको थियो ।

कांग्रेस सभापति यादवले सरकारको कदमले संविधान र जनमतको अपमान गरेको बताउँदै यसको सशक्त प्रतिवाद गर्नुपर्नेमा जोड दिए । उनले गठबन्धनका दलहरूले लोकतन्त्र र संविधानको रक्षा गर्न सडकदेखि सदनसम्म आन्दोलन जारी राख्ने चेतावनी दिए । जनकपुरधाममा असंवैधानिक मुख्यमन्त्रीविरुद्ध भएको प्रदर्शनका क्रममा प्रहरीले गरेको दमनप्रति नेता तथा कार्यकर्ताहरूले कडा विरोध जनाएका थिए । नेता रेबन्त झाले प्रहरी दमनको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

# मुख्यमन्त्री यादवलाई समितिको बधाई

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्रीमा नियुक्त भएका नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवलाई बधाई ज्ञापन गरिएको छ ।

गोपाल सेवा समिति धनुषाको बृहत बैठकले युवा नेता एवं समाजसेवी मुख्यमन्त्री यादवलाई गरेको संयुक्त विज्ञप्तिमा मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका यादवले प्रदेशमा शान्तिसुरक्षा, विकास निर्माणको कार्यलाई अगाडी बढाउने विश्वास व्यक्त गरिएको छ ।

बैठकमा समितिका पदाधिकारी, केन्द्रीय पदाधिकारी लगायत समाजका अगुवाहरुको



बधाई ज्ञापनगर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गरेको समितिका अध्यक्ष अंकेश्वर यादवले जनाएका छन् ।

अध्यक्ष अंकेश्वर यादव र सचिव राज कुमार यादवले जारी बृहत उपस्थिति रहेको थियो ।

मधेश प्रदेशको मुख्यमन्त्रीमा कात्तिक २३ गते नियुक्त भई २४ गते सपथग्रहण गरेका सरोज कुमार यादवले मंगलवार पदबहाली गरेका हुन् ।

# पार्टीको निर्णय मान्ने मन्त्री विच्छाको स्पष्टीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका नेता सरोजकुमार यादव नेतृत्वको मधेश प्रदेश सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट सहभागी भएका कञ्चन विच्छाले पार्टीको निर्देशनलाई बेवास्ता गर्दै आएको छ ।

पार्टीको पूर्वनिर्णय अनुसार सरकारबाट फिर्ता हुन पार्टीले पटक पटक आग्रह गरेपनि उनले बेवास्ता गर्दै आएको छ । अन्ततः मंगलबार पार्टीले उनीसँग २४ घण्टे स्पष्टीकरण समेत सोधेको छ ।

पार्टीको निर्देशनलाई बेवास्ता गर्दै आएको जिज्ञासामा विना विभागीय मन्त्री कञ्चन विच्छाले भनिन् ‘पार्टीको निर्देशन आफू बेवास्ता गरेको छैन । पार्टी हित विपरित म जादिंन, आफूसँग स्पष्टीकरण सोधिएको फिर्ता हुन भनिएको छैन । त्यसको जवाफ म पठाइसकेको छु ।’



के स्टीकरण दिनु भएको छ भन्ने राखिएको जिज्ञासामा उनले पार्टीको नीति, सिद्धान्त र हित विपरीत हुनेगरी गैर जिम्मेवार पूर्वक एवं अनुशासनहीन कार्य गर्नेछैनौँ । पार्टीको जे निर्देशन आउंछ त्यो मान्न तयार रहनेछु भन्ने जवाफ दिएको बताइन् ।

पार्टीको केन्द्रीय अनुशासन समितिका सदस्य सचिव भक्ति प्रसाद सिटौलाले उनलाई २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन भन्दै भनी पत्र पठाएको थियो ।

पार्टीको निर्णय विपरीत सरकारमा सहभागी भएको सम्बन्धमा तपाईलाई राप्रपाको विधान २०४८ (संशोधन सहित २०७८) दफा ३० (ड) बमोजिम किन कारबाही र सजाय गर्न नपर्ने हो ? नपर्ने भए प्रमाण सहित २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेश गर्न केन्द्रीय अनुशासन समितिको निर्णय अनुसार अनुरोध गर्दछु,’ सिटौलाले पठाएको पत्रमा उल्लेख छ ।

अध्यक्ष राजेन्द्र लिङ्देनले कात्तिक २४ गते नै मधेश प्रदेश सरकारमा सहभागी भएको बेला सरकारबाट फिर्ता हुन उनलाई निर्देशन दिएको थियो । सो निर्देशनको बेवास्ता गरेपछि स्पष्टीकरण सोधिएको हो । एमालेका सरोज यादवको नेतृत्वमा रातारात गठन भएको विवादित सरकारमा विच्छालाई विनाविभागीय मन्त्रीको जिम्मेवारी दिइएको छ ।

# एक बालिकाको डुबेर मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको एक गाउँमा एक बालिका पोखरीमा डुबेर मृत्यु भएको छ ।

सोनमा गाउँपालिकाको खेश्राहामा गए राति डुबेर एक बालिकाको मृत्यु भएको छ । सोनमा गाउँपालिका-४ स्थित खेश्राहा बस्ने दुलारचन महतो नुनियाको तीन वर्षिया छोरी सीताकुमारी महतोको मंगलबार राति सोही ठाउँको पोखरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

महोत्तरी प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले साँझदेखि हराएको भनिएकी छोरीको शव पोखरीमा तैरिरहेको अवस्थामा फेला परेको थियो ।

आमा घाँस काट्न चौरीमा गएको तथा साँझ आएपछि घरमा उनलाई खोज्दा नभेटेपछि खोजतलाश गर्दै जाँदा साँझ ८ बजेतिर पोखरीमा तैरिरहेको अवस्थामा फेला परेको जनाइएको छ ।

यसैबीच जिल्लाको औरही नगरपालिकामा मंगलबार राति एक महिलामाथि छुरा प्रहार भएको छ । औरही नगरपालिका वडा १ बस्ने ४२ वर्षीया सरस्वतीदेवी मण्डलमाथि सोही स्थानका करिब २६ वर्षिय युवा राकेश चौधरीले घरभित्र पसेर छुरा प्रहार गरेको जनाइएको छ ।

उक्त घटनामा गम्भीर घाइते भएकी मण्डललाई उपचारका लागि बर्दिवासस्थित एक अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले छुरा प्रहार गरेको आरोपमा सोही स्थानका युवा चौधरीलाई प्रहरीले घटनापछि खोजी गरी राति नै नियन्त्रणमा लिएको जानकारी दिए । घटनाबारे अनुसन्धान भइरहेको उनले बताए ।

# वडाध्यक्षविरुद्ध पीडित परिवारको प्रहरी कार्यालय अगाडि धर्ना

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष महेश महतो कोइरीविरुद्ध न्यायको माग गर्दै पीडित परिवारले बुधबार जिल्ला प्रहरी कार्यालय गौर अगाडि धर्ना दिएका छन् ।

गत असार ६ गते वडाध्यक्ष कोइरीले चलाएको मोटरसाइकलले १६ वर्षीय स्थानीय किशोर निजर कुशवाहालाई ठक्कर दिँदा गम्भीर घाइते भएका थिए । गम्भीर घाइते कुशवाहाको उपचार वीरगञ्जस्थित नेशनल मेडिकल कलेज र काठमाण्डुको न्यूरो अस्पतालमा गराइएको थियो । उपचार खर्चका लागि परिवारले पाँच कठ्ठा जग्गा बिक्री गरे पनि वडाध्यक्षले कुनै सहयोग नगरेको पीडितकी आमा समुन देवी कुशवाहाले आरोप लगाइन् ।

उनका अनुसार इलाका प्रहरी मौलापुरमा उजुरी गर्न जाँदा उल्टै गाली गरेर धपाइयो त्यसपछि न्याय



माग्न हामी गौर आएका छौं ।

मुद्दा दर्ता नहुँदा पीडित परिवार र स्थानीयवासीले जिल्ला प्रहरी कार्यालय अगाडि शान्तिपूर्ण आन्दोलन गर्दै पीडितलाई न्याय देऊ भन्दै नाराबाजी गरेका थिए । उनीहरूले वडाध्यक्षमाथि कानूनी कारबाही गर्न, पीडितको उपचार खर्च तत्काल उपलब्ध गराउन र निष्पक्ष छानबिन गर्न माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी डिएसपी विष्णुप्रदीप वस्यालले घटनामा गम्भीर घाइते किशोरको अवस्था नाजुक रहेको पुष्टि गर्दै पिडकबाट उपचार खर्च उपलब्ध गराइ न्याय दिलाउने प्रतिवद्धता जनाएका छन् ।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना



शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८